मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

रवि लामिछानेलाई थप १० दिन हिरासतमा राख्न अनुमति



समाचार पृष्ठ ५ मा

● वर्ष २ ● अंक ३३८ ● २०८१ साल कार्तिक २१ गते बुधबार ● Wednesday 6, November 2024 ● सूर्योदय: बिहान ६:१८ बजे ● सूर्यास्त: साँझ ५:१९ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## सूर्यको आराधना र उपासनाः

# देशभर छठको रौनक





**मधेशदृष्टि**
**जनकपुरधाम/वीरगंज ।**
कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीका दिनसम्म मनाइने छठको व्रतविधि बुधबारदेखि शुरु भएको छ । चतुर्थीका दिन मंगलबार बिहान ब्रतालुले स्नान गरी एक छाक खाएर बसेका छन् । यसलाई 'नहाय खाय' भनिन्छ ।

छठको विधि कार्तिक कृष्ण प्रतिपदा अर्थात् कोजाग्रत पूर्णिमाका दिनदेखि शुरु भए पनि मुख्य व्रतविधि मंगलबारदेखि सुरु भएको हो । छठ व्रत विधिको दोस्रो अर्थात् कार्तिक शुक्ल पञ्चमीका दिन बुधबार सक्खर हालेर बनाइएको खीर (खरना) षष्ठी मातालाई चढाई ब्रतालुले प्रसादस्वरुप खाने र नुन नखाई एक छाक फलाहार गरिन्छ । यसलाई खरना गर्ने भनिन्छ ।

यो पर्वको मुख्य दिन कार्तिक शुक्ल षष्ठीका दिन कठोर निराहार व्रत गरी बेलुकी अस्ताउँदो सूर्यलाई पूजा आराधना गरी अघ्र्य दिने विधि विधान रहेको छ । कात्तिक २२ गते बिहीबार छठको मुख्य दिन हो । यस दिन अस्ताउँदो सूर्यलाई अघ्र्य दिइन्छ ।

षष्ठीका दिन रातभर जागा बसी कार्तिक शुक्ल सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई पूजा आराधना गरी विधिपूर्वक अघ्र्य दिएपछि यो पर्व समापन हुन्छ । कात्तिक २३ गते शुक्रबार कार्तिक शुक्ल सप्तमीका दिन बिहान उदाउँदो सूर्यको पूजा आराधना गरी अघ्र्य दिएपछि छठ पर्व समापन हुन्छ ।

कार्तिक शुक्ल पक्षमा विधिपूर्वक सूर्यको पूजा आराधना गरी अघ्र्य दिएमा चर्म अर्थात् छाला रोग लाग्दैन भन्ने धार्मिक विश्वास छ । विसं २०४६ अघि तराईको सीमित क्षेत्रमा मनाइने छठले अहिले राष्ट्रिय स्वरुप ग्रहण गरेको छ । सरकारले यो पर्वका अवसरमा सार्वजनिक बिदा दिने गरेको छ । सूर्यको पूजा, आराधना र उपासनासँग जोडिएको यस पर्व तराईसँगै पहाडी जिल्लामा पनि मनाउन थालिएको छ ।

छठ पर्वका लागि मधेश प्रदेशको राजधानी जनकपुरधाम, आर्थिक नगरी वीरगंजसहित आठै जिल्लासँदै देशभरका नदी किनारमा सजावट गरिएको छ ।

छठका ब्रतालुले कार्तिक शुक्ल चतुर्थीदेखि चोखो खानपान गरी शुद्ध भएर बस्ने गर्छन् ।

केही ब्रतालुले भने कोजाग्रत पूर्णिमाको भोलिपल्ट अर्थात् कार्तिक कृष्ण प्रतिपदादेखि नै लसुन, प्याजलगायत तामसी खाद्यपदार्थ नखाई चोखो अर्थात् सात्विक भोजन गरेर बस्ने गर्छन् ।

## हिन्दी चलचित्रमा जनकपुरधामको दृश्य



**विन्दकिशोर साह**
**जनकपुरधाम ।**
हिन्दी चलचित्र 'सिंघम अगेन'मा जनकपुरधामको दृश्यको वर्णनले हामीले गौरवान्वित महसुस गरेका छौँ । जनकपुर केबल माता सीताको जन्मस्थान मात्रै होइन, यो एक यस्तो धार्मिक र सांस्कृतिक केन्द्र हो जुन सदियौँदेखि नेपाल र भारतबीचको गहिरो सम्बन्धको प्रतीक छ ।

जनकपुरधामबारे उल्लेख र फिल्ममा उसको प्रदर्शनले हाम्रो सांस्कृतिक सम्पदालाई मात्रै विश्वव्यापी मञ्चमा उजागर गर्दैन, यसलाई हेर्ने प्रत्येक दर्शकमा एक नयाँ अनुभव पनि जोड्छ । यसले यहाँको पावन भूमिको झलक देखाउँछ, जहाँका मानिसहरु माता सीताको आदर्श र रामायणका मूल्यबाट प्रेरित छन् ।

जनकपुरिया भएको नाताले मलाई यसमा गर्व छ कि हाम्रो जन्मस्थान अब केबल नेपालमा मात्रै सीमित रहेन, बरु यो धार्मिक पर्यटनको माध्यमबाट मानिसहरूलाई जोड्ने र संस्कृति फैलाउने एक स्थानको रुपमा विकसित बनेको छ । 'सिंघम अगेन' फिल्ममा जनकपुरधामको दृश्यलाई धार्मिक क्षेत्र र संस्कृतिको महत्वसँग जोडेर प्रस्तुत गरी जनकपुरधामलाई केबल नेपालको प्रमुख धार्मिक स्थल नभएर यो भारत र नेपालको साझा सांस्कृतिक इतिहासको प्रतीकका रुपमा पनि देखाइएको हो । माता सीताको जन्मस्थान भएको नाताले यो स्थान भारतीय र नेपाली संस्कृतिमा गहिरो रूपमा पूजनीय पनि छ । यो दृश्यले नेपालको समृद्ध सांस्कृतिक सम्पदालाई ठूला पर्दामा प्रस्तुत गरेको छ, जसले यस पवित्र स्थलको महत्वलाई अन्तर्राष्ट्रियस्तरमा उजागर गरेको छ ।

फिल्ममा जनकपुरधामलाई देखाइँदा दर्शक यहाँको सुन्दरता, इतिहास र संस्कृतिसँग परिचित हुनेछन् र यसले भारतीय उपमहाद्वीपका सांस्कृतिक सम्बन्धलाई पनि बल दिनेछ । यस्ता ठूला फिल्ममार्फत यस्ता धार्मिकस्थलको प्रदर्शनले हाम्रो सांस्कृतिक सम्बन्धको बलियो पक्षलाई देखाउँनेछ, जसले सिमाना पार गरेर एकताको सन्देश दिन्छ ।

'सिंघम अगेन'मा नेपालको प्रसिद्ध धार्मिक र सांस्कृतिक स्थल जनकपुरधामको दृश्य देखाइनु आफैँमा महत्वपूर्ण छ किनभने यो स्थान नेपाल र भारत दुवै देशका जनताका लागि विशेष धार्मिक र सांस्कृतिक महत्व राख्दछ । जनकपुरधामलाई नेपाल–भारतको सांझा सांस्कृतिक सम्बन्धको प्रतीक रुपमा पनि मानिन्छ । त्यसैले म एक जनकपुरिया भएको नाताले कलाकार अजय देवगन र निर्देशक रोहित शेट्टी टिमलाई धन्यवाद दिन चाहन्छु । तपाईंहरूले जनकपुरधामको दृश्यलाई जुन आत्मीयता र गर्वका साथ प्रस्तुत गर्नुभएको छ, त्यो साँच्चै नै प्रशंसनीय छ ।

यसले रामायणका आदर्शबाट प्रेरित जनकपुरधामको धार्मिक आस्थालाई उजागर गर्छ । यस्ता फिल्ममार्फत हाम्रो पवित्रस्थल र सांस्कृतिक सम्पदालाई प्रस्तुत गर्नु न केबल एकता र भाइचाराको सन्देश दिन्छ, भारत–नेपालको साझा इतिहास र सम्बन्धलाई पनि मजबुत बनाउँछ ।

(साह राष्ट्रिय मुक्ति पार्टी नेपालका नेता हुन्)

## लगातार भारतीय विमानमा बमको हल्ला किन चलाइयो ?

**वीरगंज ।**
**घटना १**
मितिः २०८१ कात्तिक १७ गते शनिबार
समयः दिउँसो ४:३१ बजे
स्थानः त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, काठमाडौं
प्रकरणः एयर इन्डियाको विमानमा बम राखिएको सूचना
नतिजाः बम भेटिएन, साँझ उडान सुचारु
**घटना २**
मितिः २०८१ कात्तिक १२ गते सोमबार
समयः दिउँसो ३:३० बजे
स्थानः त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, काठमाडौं
प्रकरणः एयर इन्डियाको विमानमा बम राखिएको सूचना
नतिजाः बम भेटिएन, उडान सुचारु
**घटना ३**
मितिः २०८१ कात्तिक ६ गते मंगलबार
समयः साँझ
स्थानः त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, काठमाडौं
प्रकरणः भिस्टारा एयरको विमानमा बम राखिएको सूचना
नतिजाः बम भेटिएन, राति उडान सुचारु

१२ दिनका बीच तीनवटा उस्तै र त्रासदीपूर्ण धम्की । भारतीय विमानमा बम रहेको हल्ला । दुई एयर इन्डिया र एक भिस्टारा एयरको विमानका यात्रुलाई आतंक र मानसिक त्रास । साथै सिंगो त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षामै थ्रेट । सबै विमान भारतबाट नेपाल आएर भारतमा उडान भर्ने बेला अज्ञात समूहले फोन गरेर बम रहेको धम्की दिएपछि हवाई सुरक्षामा कतैबाट चुनौती भइरहेको हो कि भन्ने संशय पैदा भएको छ । कसले यसो गरिरहेको छ ? केही भनिएको छैन । राज्यले पनि सामान्य सेना–प्रहरी लगाएर खानतलासी गरेर औपचारिकता मात्र पूरा गरिरहेको छ । किन यसबारे गम्भीरता प्रकट गरिरहेको छैन ? आमनागरिकले सोध्ने जिज्ञासा यस्तै भयो तर भित्रभित्रै केही गरिरहेको पनि होला । बाहिर नभनिएको होला ।

तीन वटै धम्कीपछि विमान चेकजाँच गर्दा कुनै खतराजन्य पदार्थ भेटिएन । तर कसैले नेपालको अन्तर्राष्ट्रिय विमानस्थललाई आतंकको 'ट्रायल' गरिरहेको पक्का हो । अझ भारतीय विमानलाई लक्ष्यित गरेर चलाइएको आतंकले भारतीय यात्रुका लागि नेपाल खतरापूर्ण भन्ने सन्देश प्रवाह भइरहेको छ । भारत हुँदै नेपाल आउने सबै देशका यात्रुका लागि पनि काठमाडौ विमानस्थल खतरा भन्ने सन्देश जानु नेपालका लागि दुर्भाग्य नै हो । लगातार बमको हल्लाले नेपालको हवाई सुरक्षामा कसैले दखल दिन खोजेको आभास भएको छ ।

**को होलान् यस्तो अफवाह चलाउने ?**
अज्ञात फोन धम्कीका भरमा नेपालको अन्तर्राष्ट्रिय विमानस्थलको उडान तालिका प्रभावित भइरहेको छ । यसले संसारभर नेपालको विमानस्थलबारे नकारात्मक सन्देश प्रवाह भइरहेको छ । कसैलाई दोष लगाउन सकिन्न, तर नेपाल–भारत उडानमा ठूलो संख्यामा हवाई यात्री भएकाले यसलाई प्रभावित पार्ने स्वार्थ समूहले आतंकको व्यापार गरिरहेको छ ।

**के होला कारण ?**
प्रधानमन्त्री केपी शर्मा ओली मंसिरको तेस्रो साता चीन जाँदैछन् । अक्सर प्रधानमन्त्री भएपछि भारत जाने परम्परा तोडेर प्रधानमन्त्री चीन जान लागे । भारतसँग पहिलो प्रधानमन्त्री कालमा बिग्रिएको ओलीको सम्बन्ध अझै सुधार नभएको असोजमा अमेरिका भ्रमणमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटले पनि पुष्टि गर्छ । अमेरिकमा भेट भएका दुई प्रधानमन्त्रीले एकले अर्कालाई भ्रमणको निम्तो दिएनन् र भारतले अहिलेसम्म प्रधानमन्त्री ओलीलाई भ्रमणमा इच्छा देखाएन । परराष्ट्रमन्त्री डा. आरजु राणाले भारत भ्रमणमा मोदीसँग घनिभूत छलफल गरे पनि प्रधानमन्त्रीको भारत भ्रमण अनिश्चित बन्यो ।

योसँगै पछिल्लो समय नेपालले चीनसँगको नाकाहरुलाई धमाधम प्राथमिकतामा राखेको छ । कार्यालय सञ्चालन, सेवा प्रवाह र आयातनिर्यातका खबरले पनि दक्षिणको छिमेकी रुष्ट भएको हुनसक्छ । अर्कोतिर भैरहवाको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा भारतको समर्थन मिलिसकेको छैन । यहीबीच भाइटीकाका दिन पारेर थाइ एयर एसियाले उडान शुरु गरेको छ । अरु पनि अन्तर्राष्ट्रिय कम्पनीहरु उडान तालिका थपिरहेका छन् । भारतीय शहरका यात्रुका लागि पनि यो विमानस्थल पायक पर्ने पक्का हो ।

योसँगै क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल पोखरा पनि सञ्चालनको तयारी छ । यसमा चीन सरकारले उपलब्ध गराएको २६ अर्ब रुपैयाँ ऋणको विषयले नेपाली राजनीति लामो समयदेखि तरंगित नै छ । असार ६ गते अर्थ मन्त्रालयले नै ऋणलाई अनुदानमा बदल्न चीन सरकारलाई पत्र पठाएको थियो । यसपछि सत्ता गठबन्धन फेरियो । प्रधानमन्त्री ओली चीन भ्रमणमा जाने तयारीमा छन् । यदि चीन सरकारले यसलाई ऋणबाट अनुदानमा बदलिदिए यसले नेपालमा चीनको उदारता संसारका लागि नयाँ सञ्चार बन्नेछ । यति मात्र होइन, नेकपा एमालेका प्रधानमन्त्रीको भ्रमण उपलब्धिले नेपाली कांग्रेसको आगामी राजनीति पनि संकटमा पर्ने छ । भारत आश्रित नेपाली बाध्यतामा विस्तारै चिनियाँ विकल्प बढ्दो देखिन्छ । यसले नेपाल–भारत सम्बन्धमा देखिने गरी दरार नआए पनि नेपालको चीनसँगको निकटता मन नपराउने धेरै शक्तिहरु छन् । यसैले नेपालको चीनपरस्त गतिविधि नरुचाउने कुनै स्वार्थ समूह दुई वटा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनअगावै केन्द्रीय त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई नै उथलपुथल पारिदिन सक्ने हैसियत भएको भन्दै कतै भारतीय विमान देखाएर नेपाली राजनीतिलाई नै चुनौती दिइरहेका त छैनन् ? सरकारको संयमता जरुरी छ । यात्रुहरु आतंकित हुने क्रम तोडन् यस्ता शक्ति खोजी र कुटनीतिक हिसाबले पनि क्रियाशील हुन जरुरी छ ।

हमरासभक बात : राष्ट्रिय समाचार समिति मैथिली भाषामें समाचार सुरु केने अछि । हमरासभक पाठकसभ, मैथिली समूदायके सेहो छनि । जाँहिकरण हमसभ हमरासभक पाठकसभसँग आत्मीयताक लेल मैथिली समाचार सुरु केने छि । अपनैंसभक सल्लाह, सुझाव आ प्रतिक्रियाक अपेक्षा करैत छिं । - सम्पादक

# उपप्रधानमन्त्री सिंहद्वारा विश्वसामु जलवायु न्यायको माग



**काठमाडौँ ।**
उपप्रधान एवम् शहरी विकासमन्त्री प्रकाशमान सिंहले नेपालमा जलवायु परिवर्तनले पारेको असरबारे चर्चा गर्दै जलवायु न्यायको माग गरेका छन् ।

इजिप्टको कायरोमा मंगलबार भएको ‘सहर र जलवायु सङ्कट’ विषयक सत्रलाई सम्बोधन गर्दै उनले नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेको बताए । नेपालजस्ता विकासोन्मुख देशले धेरै कम कार्वन उत्सर्जन गरेता पनि जलवायु परिवर्तनको प्रत्यक्ष असर धेरै देखिएकाले अन्तर्राष्ट्रियस्तरको जलवायु वित्तमा सजिलो पहुँच र प्राविधिक सहयोगमार्फत मात्र जलवायु न्याय हुने कुरा विश्व समुदाय समक्ष आग्रह गरे ।

‘एकातिर नेपालमा तीव्रगतिमा सहरिकरण बढिरहेको छ भने अर्कोतर्फ जलवायु परिवर्तनका असरका रुपमा अतिवृष्टि, अनावृष्टि, बेमौषमी वर्षा, बाढी, पहिरो, हिम पहिरो, हिम ताल विष्फोटनलगायत जलवायु परिवर्तनबाट सिर्जित विपद्जन्य घटना बढिरहेकाले हरेक वर्ष लाखौँ मानिसहरू प्रभावित हुनुपरेको छ’, उपप्रधानमन्त्री सिंहले भने ।

नेपाल सरकारले सहरी नीति र विकास रणनीति पुनरावलोकन गर्दै जलवायुमैत्री बनाएको उनले स्पष्ट पारे । नेपालले जलवायु परिवर्तनबाट सिर्जित विपद्बाट घरबार गुमाएका परिवारलाई निजी आवास पुनःनिर्माण र पुनःस्थापनाका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा अनुदान दिने व्यवस्था गरे पनि विपद्का घटना धेरै बढेकाले नेपाल सरकारलाई पर्याप्त वित्त व्यवस्थापनमा गाह्रो भएको बताए । विपद्पश्चात राष्ट्रिय, अन्तर्राष्ट्रिय, गैरसरकारी र साझेदार सङ्घसंस्थाले गरेको सहयोगका लागि पनि उनले प्रशंसा गरे । विश्व वाटर अपरेटर्स पार्टनरसीप अलाइन्स (गोपा)को सत्रमा पनि वक्ता रहेका उपप्रधानमन्त्री सिंहले जलवायुजन्य विपद्जस्तै बाढीबाट खानेपानी र सरसफाइका क्षेत्रमा परिररहेको असरबारे पनि विश्वसमुदायको ध्यानाकर्षण गराए ।

विशेषगरी सहरी विपन्न वर्गमा ठूलो असर देखिएकाले विपद् उत्थानशील संरचना निर्माणमा नेपाल सरकार अग्रसर रहेको भन्दै यसमा संयुक्त राष्ट्रसङ्घलगायत साझेदार सङ्घसंस्थाको साथ सहयोग अपरिहार्य रहेको व्यहोरा विश्वसमुदाय समक्ष गरे । रासस

# प्रमुख सूचना आयुक्तमा आचार्यको सिफारिस

**काठमाडौँ ।**
राष्ट्रिय सूचना आयोगको प्रमुख आयुक्तमा नेपाल पत्रकार महासङ्घका पूर्वसभापति डा. सुरेशप्रसाद आचार्य सिफारिस भएका छन् ।

सभामुख देवराज घिमिरेको अध्यक्षतामा सोमबार बसेको सिफारिस समितिको बैठकले प्रमुख आयुक्तमा उनलाई सिफारिस गरेको हो । यसैगरी, समितिले प्रेस चौतारी नेपालका पूर्वअध्यक्ष गगन विष्ट र पूर्वसचिव दुर्गा भण्डारीलाई सूचना आयुक्तमा सिफारिस गरेको सभामुख घिमिरेका प्रेस सल्लाहकार शेखर अधिकारीले जानकारी दिए ।

प्रतिनिधिसभाका सभामुख अध्यक्ष र सञ्चार तथा सूचना प्रविधिमन्त्री एवम् नेपाल पत्रकार महासङ्घका अध्यक्ष सदस्य रहने तीन सदस्यीय सिफारिस समितिले प्रमुख सूचना आयुक्त र आयुक्त सिफारिस गर्ने प्रावधान छ । प्रमुख आयुक्तमा १५ जना र आयुक्तमा २९ जनाले आवेदन गरेका थिए । रासस

**मैथिली**

# संविधानअनुसारक अधिकार प्रदेशकेँ भेटबाक चाही: नेता निधि



**धनुषा ।**
नेपाली कांग्रेसक पूर्वउपसभापति विमलेन्द्र निधि सातो प्रदेश सरकारकेँ सम्पन्न बनेबाक लेल संविधानअनुसार प्रदेशकेँ अधिकार भेटबाक चाही बतौलैन । महोतरीक कांग्रेसक चर्चित नेता सहिद स्व शिवचन्द्र मिश्रक ८१ म् जन्मयन्तीक अवसरमे महोतरीक लोहरपट्टीमे काइल आयोजित समारोहकेँ सम्बोधन करैत नेता निधी कांग्रेसक नेतृत्वमे बनल संविधान आ तइ भितरके उल्लेखित उपलब्धिसभकेँ बचेबाक लेल कांग्रेसके नेतृत्व आवश्यक अइछ कहलैन। ‘मधेश सरकार कमजोर भेल कहब गलत छी, कमजोर नियोजित रूपमे बनाएल जा रहल छै, तहिबिरूद्ध आन्दोलन कर पड़त ।’

कांग्रेसक नेतृत्वमे सङ्घीय गणतन्त्रात्मक प्रणालीसहितक संविधान देशके भेटल कहैत ओ स्व शिवचन्द्र मिश्र आ सहिद दुर्गानन्द झासहितक नेता आ योद्धासभक प्रेरणासँ मधेसमे कांग्रेस विरासत बनौने बात कहलैन । गणतन्त्रवादी नेता दुर्गानन्द झाक सहयात्री शिवचन्द्र मिश्र रहल कहैत ओ जेलनेल भोगल बातके स्मरण करौलैन। निधि स्व मिश्र लोहरपट्टी मात्र नै देशेके सपुत रहल बतौलैन । कांग्रेस महोतरीक सभापति नागेश्वर यादव नेता निधि भौतिक पूर्वाधारमन्त्री भेल समयमे महोतरीमे भेल सडक विकास विस्तारप्रति धन्यवाद व्यक्त केलैन । लोहरपट्टी नगरपालिकाका मेयर शैलेन्द्र यादव तथा कांग्रेसक अग्रज नेता महेन्द्र मिश्र लोहरपट्टीसहितक क्षेत्रमे आँइखक बेमार बढ़ैत गेलासँ इलाजक लेल एकटा अस्पताल आवश्यक भेल कहैत पहलकदमीक लेल नेता निधीकेँ आग्रह केलैथ । रासस

# अन्तर्राष्ट्रिय बजारमे नेपाली चाय तथा कफीक मांग बढ़ैत



**काठमाण्डू ।**
अन्तर्राष्ट्रिय बजारमे नेपाली चाय तथा कफीके मांग बढ़ल जा रहल अइछ । चिया तथा कफी विकास बोर्डक तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७९/०८० मे ७७ मेट कफी विदेशमे निर्यात भेल छल त आव २०७८/०७९ मे ७२ मेट उत्पादन क नओ करोड ६० लाख टकक निर्यात भेल छल । बोर्ड आव २०८०/०८१ क विस्तृत तथ्याङ्क सङ्कलन भ रहल बतौलक अइछ । आव २०७८/०७९मे देशभैर चाइर सओ५० मेट कफीके आयात क ३२ करोड टका खर्च भेल तथा आव २०७९/०८० मे १० करोड टकक मात्र आयात कएल गेल छल । ई करिब २२ करोड टकाक आयात न्यूनीकरण भेल बोर्डक निर्देशक दिपक खनाल जानकारी देलैन । ओ कफीक लेल उपयुक्त हावापाइन आ क्षेत्र विस्तारक सङे उत्पादनमे सेहो वृद्धि भेल बतौलैन । हाल देशभैर तीन हजार छ सओ ५९ हेक्टर क्षेत्रफल जमिनमे कफी विस्तार क करिब तीन सओ ९५ मेट्रिकटन ‘ग्रिनविन’ उत्पादन कएल गेल अइछ । अइ क्षेत्रमे कार्यरत कृषक सङ्ख्या हाल ३३ हजार अइछ ।

नेपाली कफीक अन्तर्राष्ट्रिय बजारमे मांग करिब १४ हजार मेट्रिकटन भेल बोर्ड जनौलक अइछ ।

नेपालमे गुल्मी, पाल्पा, अर्घाखाँची, ललितपुर, तनहुँ, काभ्रे, सिन्धुपाल्चोक, लमजुङ, कास्की, गोर्खा, स्याङ्जा, पर्वत, बागलुङलगायत ४३ जिलामे एकर व्यावसायिक खेती भ रहल अइछ । अइ क्षेत्रमे करिब ६० हजार श्रमिक कार्यरत रहल बोर्डक अधिकृत चन्द्र पुरी जानकारी देलैन । रासस

# सात वर्षमा पूरा भयो चिलिमे–त्रिशूली प्रसारण लाइन

**रसुवा ।**
छ वर्ष १० महिनामा चिलिमे–त्रिशूली प्रसारण लाइन निर्माण सम्पन्न भएको छ । निर्माण पूरा भएसँगै सो प्रसारण लाइनको परीक्षणको तयारी थालिएको छ । भौगोलिक कठिनाइ, विभिन्न विपद्का कारण तोकिएको समयमा निर्माण सम्पन्न हुन नसेकेको दुई सय २० केभी क्षमताको सो प्रसारण लाइनको काम यही कात्तिक १७ गते सम्पन्न भएको हो । प्रसारण लाइन निर्माण सम्पन्न भएसँगै रसुवामा निर्माण सम्पन्न भएका र निर्माणमा जाने तयारीमा रहेका जलविद्युत् आयोजनाको बिजुली राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न सहज भएको छ । नेपाल विद्युत् प्राधिकरणले रसुवाको थाम्बुचेतदेखि मातातीर्थसम्मको प्रसारण लाइन निर्माण गरेको हो । त्यसमध्ये त्रिशूलीदेखि मातातीर्थसम्मको प्रसारण लाइन यसअघि नै निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेको छ । उक्त प्रसारण लाइन रसुवाको आमाछोदिङ्मो गाउँपालिका–५ थाम्बुचेतदेखि पहिरेबेँसीसम्म २८ र पहिरेबेँसीदेखि राजधानीको मातातीर्थसम्म ४८ किलोमिटर छ । प्राधिकरणको हाइ भोल्टेज ग्रीड विभागका निर्देशक थर्कबहादुर थापाले प्रसारण लाइन निर्माणको काम सम्पन्न भएको र अब परीक्षण प्रसारण थालिने जानकारी दिए ।

प्रसारण लाइनको कूल लागत तीन अर्ब ६२ करोड रुपैयाँ बराबर छ । आयोजनाको निर्माण चिनियाँ कम्पनी पिङ्गाओ ग्रुप अफ कम्पनीले गरेको हो । भौगोलिक कठिनाइ परेका कारण निर्माण सामग्री ढुवानीमा हेलिकप्टर र तार तान्नका लागि ड्रोनसमेत प्रयोग गर्नुपरेको थियो । प्रसारण लाइन पूरा भएसँगै एक सय ११ मेगावाट रसुवागढी, ४२ दशमलव पाँच मेगावाट तल्लो साञ्जेन एवम् निर्माणाधीन २१६ मेगावाट क्षमताको अपर त्रिशूली वान, त्रिशूली थ्रिबिको ३७ दशमलव तीन मेगावाट बराबरका आयोजनाको बिजुली राष्ट्रिय प्रणालीमा जोडिने छ । रासस

# चाडपर्वमा बागमती प्रदेशका १० जिल्लामा २४ जनाको मृत्यु



**चितवन ।**
बागमती प्रदेशमा पर्ने उपत्यकाका तीन जिल्लाबाहेकका जिल्लामा चाडपर्वका समयमा सवारी दुर्घटनामा परी २४ जनाको मृत्यु भएको छ । काठमाडौँ, भक्तपुर र ललितपुरबाहेकका जिल्लामा दशैँको घटस्थापना अर्थात् असोज १७ गतेदेखि कात्तिक २० गते बिहानसम्म दुई सय ३० दुर्घटना भएकामा २४ जनाको मृत्यु भएको हो ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय रामनगरका प्रमुख प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार ती दुर्घटनामा परी छ सय २८ जना घाइते भएका छन् । दशैँको घटस्थापनादेखि असोज मसान्तसम्म प्रदेशका १० जिल्लामा एक सय १६ वटा दुर्घटना भएका थिए । ती दुर्घटनामा परी १५ जनाको मृत्यु भएको थियो भने चार सय १६ जना घाइते भएका थिए । यस्तै, कात्तिक १ गतेदेखि २० गते बिहानसम्ममा एक सय १४ वटा दुर्घटना भएका र ती दुर्घटनामा नौ जनाको मृत्यु हुनुका साथै दुई सय १२ जना घाइते भएका छन् ।

चाडपर्वको समयमा वर्षा हुँदा ग्रामीण क्षेत्रका सडकमा समस्या हुने गरेकाले दुर्घटना बढेको हो । प्रहरी उपरीक्षक सुवेदीले भने, ‘सडकको कमजोर अवस्थामा जोखिम मोलेर सवारी चलाउने परिपाटीले गर्दा दुर्घटना बढेको हो । ट्राफिक नियमको पालनामा चालक र यात्रु सचेत नहुँदा पनि दुर्घटना हुने गरेका छन् ।’ दुर्घटना न्यूनीकरणका लागि हरेक हाल कार्यालयले सवारी चालकलाई प्रतिबद्धता, हरेक जिल्लामा नियमित तथा आकास्मिक जाँचलगायत गतिविधिलाई तीव्र बनाइएको उनले जानकारी दिए ।





# मुख्यमन्त्री सिंहद्वारा प्रहरी उपरीक्षक तिवारी सम्मानित



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लागुऔषध दुव्र्यसन तथा ओसारपसार एवम् जुवातासविरुद्ध दुई फरक अभियान सफलतापूर्वक सम्पन्न गरेकोमा जिल्ला प्रहरी कार्यालय धनुषाका अधिकारीहरूलाई मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले सम्मान गरेका छन् ।

जनकपुरधामको मधेश भवनस्थित मुख्यमन्त्रीको सरकारी निवासमा आयोजित कार्यक्रममा मुख्यमन्त्री सिंहले धनुषा प्रहरीका प्रमुख एवम् उपरीक्षक भुवनेश्वर तिवारी र सोही कार्यालयमा कार्यरत प्रहरी नायब उपरीक्षक बरुणकुमार सिंहलाई खाँदा ओढाएर सम्मान गरेका हुन् । धनुषा प्रहरीले सोमबार जुवाको खालबाट ९ लाखभन्दा बढी रकमसहित ३९ जनालाई पक्राउ गरेको छ । क्षिरेश्वरनाथ नगरपालिका ६ सखुवा बजारको सार्वजनिक दलानमा जुवा खेलिरहेको अवस्थामा ३९ जनालाई प्रहरीले पक्राउ गरेको हो । जुवातास खेलाउने व्यक्ति पेसेवर रहेको बताइएको छ ।

यसैगरी धनुषा प्रहरीले गत कात्तिक ११ गते मिनिट्रकबाट ओसारिँदै गरेको अवस्थामा दुई सय २१ किलो ३८ ग्राम गाँजासहित एकजनालाई पक्राउ गरेको थियो ।

मुख्यमन्त्री सिंहले लागुऔषधको कुलतका कारण सिङ्गो पुस्ता नै जोखिममा रहेको बताउँदै लागुऔषध दुव्र्यसन र ओसारपसार नियन्त्रण अत्यन्त आवश्यक भइसकेको बताए । उनले लागुऔषधसँगै जुवातासजस्ता सामाजिक विकृति रोक्न धनुषा प्रहरीले देखाएको तदारुकता सराहनीय रहेको उल्लेख गरे । लागुऔषधको प्रयोग र कारोबार, सीमापार तस्करी, जुवातास, धनमालको चोरी आदि नियन्त्रण राज्यसंयन्त्रको नियमित काम भए पनि यसमा थप चनाखो एवम् तीव्रता जरुरी रहेको उल्लेख गर्दै धनुषा प्रहरीले यस्ता कार्यमा संलग्न गिरोह पहिचान गरेर कानुनको दायरामा ल्याइरहेको कार्य उपलब्धिमूलक भएको बताउँदै मुख्यमन्त्री सिंहले अपराध नियन्त्रण, न्यूनीकरण तथा निमूल गर्ने कार्यमा सुरक्षा निकायलाई प्रभावकारी बनाउन प्रदेश सरकार प्रतिबद्ध रहेको प्रस्ट पारे ।

उनले लागुऔषध दुव्र्यसन तथा ओसारपसार रोक्न सीमावर्ती भारतीय राज्यका सुरक्षा अधिकारीहरूसँग गम्भीर छलफल गरी ठोस रणनीति तथा कार्यनीति तय गरिने पनि बताए । मुख्यमन्त्री सिंहले प्रहरीलाई सम्मान गर्नुको पछाडि असल काम गर्नेलाई राज्यको प्रोत्साहन भएको पनि स्पस्ट पारे । सम्मानित भएका धनुषाका प्रहरी प्रमुख एवम् उपरीक्षक भुवनेश्वर तिवारीले अपराध नियन्त्रण गर्ने प्रहरीको कार्यप्रति प्रदेश सरकारले दिएको सम्मानले आफूहरूलाई उत्साहित तुल्याएको र यसले अपराधविरुद्ध थप क्रियाशील रहन प्रेरित गरेको बताए ।

# छठको अवसरमा सामग्री र साड़ी वितरण

**मिश्री लाल मधुकर**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका वडा–२ का वडा अध्यक्ष शिव कुमार साह ले ५०० विपन्न तथा असहाय महिलालाई छठ सामग्री तथा साड़ी वितरण गरियो । उक्त अवसरमा प्रमुख अतिथि जनकपुरधाम उपमहानगरपालिका उपमेयर किशोरी साहले वडा अध्यक्षको प्रशंसा गरे ।

यसैबीच वीरगंज महानगरपालिका वडा नम्बर १८ सुखचैनामा छठ पुजाका लागि साडी र पिठो वितरण गरिएको छ । रुङ्गटा वेलफेयर सोसाइटीका अधयक्ष सुरेक रुङ्गटाले सुखचैना र बाराको परवानीपुर गाउँपालिका वडा नम्बर ३ लिपनीमा साडी र पिठो वितरण गरेका हुन् । छठ पर्वलाई लक्षित गर्दै उनले सुखचैनामा १८५ जनालाई र लिपनीमा १२० जनालाई साडी र पिठो वितरण गरेका हुन् । यसअघि उनले वीरगंज कारागारमा पनि साडी र पिठो वितरण गरेका थिए ।

उता, गोलबजार नगरपालिका–१२ का समाजसेवी सुबोध सिंहले छठका पाँच सय विपन्न महिला बर्तालुलाई साडी प्रदान गरेका छन् । छठ सामाजिक एकता र सद्भावको प्रतीक भएकाले यसलाई उल्लासमय बनाउन विपन्न परिवारका महिलालाई सहयोग गरेको उनले बताए । बेतौता मठका महन्थ लक्ष्मण दासको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा जनता माध्यमिक विद्यालय गोलबजारका पूर्वप्रधानाध्यापक रशिक विहारी पाल, वडाअध्यक्ष गणेश मुखिया, विभिन्न दलका प्रतिनिधि, समाजसेवी, बुद्धिजीवीको उपस्थिति थियो ।

# कार दुर्घटनामा बेपत्ता दुवै जनाको शव निकालियो



**मधेशदृष्टि**
**बरहथवा ।**
सर्लाहीको ईश्वरपुर नगरपालिकास्थित बयलबासमा कारसहित पोखरीमा खसेर बेपत्ता भएका दुई जनाको शव गोताखोर टोलीले निकालेको छ । बयलबास बजारबाट महोत्तरी जाँदै गरेको लु२च ६७५८ नम्बरको कार मंगलबार बिहान दुर्घटना हुँदा कारचालकसहित दुई जना ईश्वरपुर–२ मियाँखोरस्थित पोखरीमा डुबेर बेपत्ता भएका थिए । बेपत्ता कारचालक महोत्तरीको गौशाला नगरपालिका–१० का अन्दाजी ३८ वर्षीय सुरेश महतो र सवार महोत्तरीकै सोनमा गाउँपालिका–८ का ३७ वर्षीय रामाकान्त ठाकुरको शव पोखरीबाट गोताखोर टोलीले निकालेको जिल्ला प्रहरीका प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले जानकारी दिए । कारमा सवार अर्का महोत्तरीको गौशाला–२ का ३१ वर्षीय जनक यादव भने पौडिएर सकुसल पोखरीबाट बाहिर निस्कन सफल भएका थिए । सशस्त्र प्रहरी बलको टोली र इलाका प्रहरी कार्यालय केश्वरगञ्जबाट पुगेको प्रहरी टोलीले संयुक्त रुपमा बेपत्ताको खोजी तथा उद्धार गरेको थियो । सो टोलीले बेपत्ता फेला नपरेपछि बर्दिवासस्थित सशस्त्र प्रहरी बल नेपाल नम्बर २ छिन्नमस्ता बाहिनीबाट गोताखोर टोली मगाएर खोजी गरिएको थियो । मृतक सुरेश महतो आफैंले गाडी चलाउँदै आएका गौशाला नगरपालिका–२ का ३१ वर्षीय जनक यादवको शवलाई सशस्त्र बलका गोताखोरले निकालेका थिए ।

# छठको अवसरमा ५० जनाद्वारा रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको कालिकामाई गाउँपालिका वडा नम्बर १ मुड्लीमा मंगलबार आयोजित रक्तदान कार्यक्रममा ५० जनाले रक्तदान गरेका छन् । छठ पर्वको उपलक्ष्यमा जनसेवा नेपाल नामक संस्थाले आयोजना गरेको रक्तदान कार्यक्रममा ५० जनाले रक्तदान गरेका हुन् ।

रक्तदान गर्नेहरुमा भुपेन्द्र कुमार साह, गजेन्द्र साह, सुरेन्द्र साह, रामकिशोर महतो, उदय सिंह, सन्दिप पटेल, पिन्कु राम, राजु राम, जुनैद हुसैन लगायतका रहेको नेपाल रेडक्रस सोसाइटी रेशमकोठी उप–शाखाका युवा संयोजक अभिलाष गुप्ताले जानकारी दिए । जनसेवा नेपालका अध्यक्ष राधेश्याम प्रसाद पटेलको अध्यक्षता तथा पूर्व उद्योगमन्त्री रमेश रिजालको प्रमुख आतिथ्यतामा भएको रक्तदान कार्यक्रममा कांग्रेसका युवा नेता अजय कुमार पटेल, कालिकामाई गाउँपालिका वडा नम्बर १ का वडाध्यक्ष अध्यक्ष लालबाबु राउत बरई, रक्त सञ्चार केन्द्र वीरगंजका प्राविधिकहरु जितेन्द्र कुशवाहा, मनिष गुप्ता, नितेस यादव लागायतको सहभागिता रहेको थियो ।

# स्वास्थ्यमन्त्रीद्वारा अस्पताल निरीक्षण



**मधेशदृष्टि**
**सप्तरी ।**
स्वास्थ्यमन्त्री प्रदीप पौडेलले राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको निरीक्षण गरेका छन् । मंगलबार उनले अस्पतालको निर्माणधीन भवनको निरीक्षण गर्दै निर्धारित समयमा काम पूरा गर्न निर्देशन दिए । उनलाई अस्पतालका प्रमुख श्रीराम तिवारीले अस्पतालमा उपलब्ध उपचार सेवा र जनस्वास्थ्यका क्षेत्रमा अस्पतालले निर्वाह गरेको भूमिकबारे जानकारी दिएका थिए । अस्पताल भवन निर्माणकर्ता कम्पनीले समयमा काम पूरा नगर्दा तेस्रो पटक म्याद थपिएको जानकारी दिँदै प्रमुख तिवारीले भवन सम्पन्न नहुँदा सेवा प्रवाहमा समस्या भएको गुनासो गरे ।




# लागु औषध दुर्व्यसन विरुद्ध जनचेतना र्‍याली



**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरी जिल्लाको मटिहानीमा लागु औषध दुव्र्यसनविरुद्ध जनचेतना मूलक र्‍याली निकालिएको छ ।

मटिहानी नगरपालिकाको आयोजनामा मटिहानी बसस्टेण्डबाट विहान प्रारम्भ भएको र्‍यालीले मटिहानी क्षेत्रको विभिन्न भागको परिक्रमा गरेका थिए । र्‍यालीमा लागु औषध प्रयोग नगरौं, लागु औषध सेवन विरुद्ध एक हौं जस्ता नारा लगाइएको थियो । कार्यक्रममा मटिहानी नगरपालिका प्रमुख श्री हरि प्रसाद मण्डल, वडाध्यक्ष कलिम अंसारी लगायत ठूलो संख्यामा युवाहरुको सहभागिता रहेको थियो ।

# हरिणलाई व्यवस्थित ठाउँमा सारियो



**मधेशदृष्टि**
**महोत्तरी ।**
जिल्लाको श्री लक्ष्मीनारायण मठमा लामो समयदेखि रहँदै आएको हरिणलाई व्यवस्थित ठाउँमा सारिएको छ । मंगलबार करिब एक दर्जनको संख्यामा रहेको हरिणलाई मटिहानी नगरपालिकाको समन्वयमा शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभागद्वारा निर्माण गरिएको हरिण पार्कमा लगी राखिएको छ ।

मठमा विगत १५ (पन्द्र) वर्ष देखि हरिण राखिएको | थियो । हरिणलाई व्यवस्थित पार्कमा राखे पछि हेर्नेहरुको भिड लाग्ने गरेको छ ।

# किसान उखु पेलेर सख्खर बनाउन व्यस्त

**महोत्तरी ।**
जिल्लाका किसान उखु पेलेर सख्खर बनाउने काममा व्यस्त छन् । जिल्लाका चिनी उद्योगमा उखु क्रसिङको अत्तोपत्तो नभएपछि किसानले धमाधम उखु पेल्न थालेका हुन् । चिनी उद्योगले कहिले क्रसिङ सुरु गर्ने भन्ने तालिका नै नबन्दा अहिले घरखर्च र चाडपर्वका लागि खर्चको जोहो गर्न उखु पेल्न थालिएको किसानको भनाइ छ । अहिले जिल्लाका उखु मुख्य बाली लगाइने गौशाला, भङ्गाहा र बर्दिबास नगरक्षेत्रका बस्तीबस्तीमा किसानका घरघरै उखु पेल्ने र रस पकाएर सख्खर बनाउने व्यस्तता देखिएको छ ।

‘कात्तिक हामी किसानलाई खर्चवर्चको निकै अभाव हुने बेला हो, यसैबेला दीपावली र छठजस्ता महत्त्वपूर्ण पर्व पर्छन्’, भङ्गाहा–४ का किसान रामउद्गार महतो भन्छन्, ‘त्यसैले आफ्नै उखु पेलेर खर्चवर्चको जोहो गर्दैछौँ ।’ कात्तिकलाई यहाँका किसान ‘तेह्रौँ मास’ (तेह्रौँ महिना) भन्ने गर्छन् । आम्दानीका क्षेत्र खासै नहुने र खर्च अन्य महिनाभन्दा बढ्ने हुँदा यसलाई प्रतिकात्मक रूपमा तेह्रौँ महिना भन्ने गरिएको किसान बताउँछन् ।

अहिले दीपावली अघिदेखि उखु पेल्न थालेका किसानले छठसम्मै यस कामलाई निरन्तरता दिने गरेका छन् । दीपावली र छठ दुवैमा सख्खरको माग निकै हुने र यसबेलाको नयाँ सख्खरले राम्रो बजार भाउ पाउने गरेको बर्दिबास–७ प्रेमनगरका रामदेव महतो बताउँछन् । दीपावली र छठपर्वमा उपभोक्ताले नयाँ सख्खर मन पराउँछन् । अहिले सख्खर बजारमा एक २० रुपैयाँ प्रतिकिलो बिक्रे गरेको छ । यो चिनीको भन्दा चलनचल्तीको बजार भाउमा ३० रुपैयाँ प्रतिकिलो बढी हो । तर दीपावलीका सेल र छठका ठकुवा चिनीभन्दा सख्खरमा राम्रो हुने हुँदा अलिकता महँगो भए पनि उपभोक्ताको रोजाइमा सख्खर पर्ने गरेको हो । यसबाहेक सामाजिक सञ्जालमा लगातार विभिन्न रोगबाट बच्न चिनीको प्रयोग कम गर्न र त्यसको सट्टा गुलियोका लागि सख्खर प्रयोग गर्न सन्देश प्रवाह भइरहनुले पनि सख्खरको बजार बढाउन सहयोग पुर्‍याएको बर्दिबास–१ का सामाजिक कार्यकर्ता भोजप्रसाद (शङ्कर) फुँयाल बताउँछन् ।

जिल्लामा अहिले सात हजार बिघामा उखुखेती छ । जसमध्ये चार हजार बिघाको खुट्टी उखु (एकपटक रोपिएको उखुको दुई वर्षको बाली लिइन्छ, पहिलो वर्षको लाई ‘मुडन’ र दोस्रो वर्षको लाई ‘खुट्टी’ भनिन्छ) छ । अहिले किसानले दोस्रो वर्षको उखु पेलेर सख्खर बनाउँदै गरेका हुन् । मुडनमा पुस नलागी राम्ररी रस नपस्ने र खुट्टीचाहिँ कात्तिकमै तयार हुनेहुँदा किसान अहिले खुट्टी पल्न थालेका उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहाले बताए ।

मधेशका रौतहटसहितका केही जिल्लाका चिनी उद्योगले क्रसिङ शुरु गरे पनि महोत्तरीमा थालिएको छैन । प्रत्येक वर्षजसो हिउँद लागेपछि उखुको मूल्य निर्धारणसम्बन्धी टुङ्गो समयमा नलाग्दा किसान समस्यामा पर्ने गरेका छन् । कात्तिक मसान्तभित्रै सरकारले उद्योग र उखु उत्पादक किसानबीचको सहमतिबाट मूल्य निर्धारण गरिदिन पर्ने माग सुनवाइ नभएको अध्यक्ष कुशवाहाले गुनासो गरे । रासस

सम्पादकीय

# अपराधको कारण र समाधानको खोजी

*मधेशका विभिन्न जिल्लाहरूमा अपराधको उच्च दरले समाजमा असुरक्षा र त्रासको वातावरण सिर्जना गरेको छ । दैनिकजसो हत्या, जाली नोटको कारोबार, भन्सार छलीका सामान ओसारपसार र हतियारको अवैध कारोबारले जनताको दैनिकीमा प्रभाव पारिरहेको छ । एकै दिनमा ६ जनासम्मको हत्या हुनु केवल संयोग नभई हाम्रो समाजमा पछिल्लो समय बढिरहेको आपराधिक गतिविधिको उच्च नमूना हो । अपराधका यी तमाम घटनाहरूलाई रोक्नका लागि कारबाहीको डर र सजगता अत्यावश्यक मानिन्छ । तर अहिलेको अवस्थामा यस क्षेत्रमा कारबाहीको डर घट्दै गएको पाइएको छ, जसका कारण अपराध बढ्दै गएको देखिन्छ । यसकारण कानूनी प्रणाली र सुरक्षा निकायप्रति अविश्वास र र आशङ्का बढाएको छ । न्याय प्रणालीको कमजोर अवस्था,अस्थिरता र कानूनी कारबाहीको ढिलाइले अपराधीहरूको मनोबल बढाउन सघाउ पु¥याएको छ । स्थानीयस्तरमा असमानता, बेरोजगारी र आर्थिक कठिनाइका कारण पनि समाजमा बढ्दो तनावले सामान्य रिसइबीको आधारमा हत्या र झैझगडा निम्तिरहेको छ ।*

*मधेशमा महिला हत्याका घटना, हतियारको स्वतन्त्र ओसारपसार र जाली नोटको कारोबारले अझ गम्भीर समस्या खडा गरिदिएको छ । हतियार बोकेर हिँड्न सकिने अवस्था कसरी सिर्जना हुनपुग्छ भन्नेमा गम्भीर बन्नु आवश्यक छ । मधेशमा हतियारको सहज उपलब्धता र अवैध कारोबारले हत्याका घटना नियन्त्रण गर्न झन् कठिन बनाएको छ । हरेक नागरिकलाई सुरक्षा प्रदान गर्नुपर्ने दायित्व हो तर किन यसो हुन सकिरहेको छैन ? राज्यमाथि समाजमा यस प्रकारको चुनौती खडा हुनुको कारणहरु के के हुन सक्लान ? यस विषयमा सम्बन्धित पक्षहरुबीच बहस हुनु पर्छ की पर्दैन ? पक्कै पर्छ । किनभने समाजमा जे जति अपराधका घटनाहरु भइरहेका छन्, तिनको कारण जरोसम्मै पुगेर पत्ता लगाउन सक्यौँ भने समाधानको लागि सम्बन्धित पक्षलाई अत्यन्त सजिलो हुनेछ ।*

*प्रदेशका विभिन्न जिल्लामा भइरहेका अपराधको ग्राफ घटाउन के कस्ता सुधारात्मक कदम चाल्न सकिन्छ त ? सबैभन्दा पहिले त स्थानीय सरकार, प्रहरी प्रशासन र न्यायिक निकायबीचको सहकार्यलाई प्रभावकारी ढंगबाट अगाडि बढाउनु आवश्यक छ । सबै नागरिकमा कानूनी विषयमा सचेत गराउँदै उनीहरुलाई सजिलै न्याय पाउने वातावरण निर्माण गर्नुपर्दछ । प्रहरी प्रशासनले अपराध नियन्त्रणमा अत्याधुनिक प्रविधिको प्रयोग गरी अपराध अनुसन्धानलाई पारदर्शी र द्रुतगतिमा अघि बढाउन सक्नुपर्छ । शिक्षा र सचेतनाको माध्यमबाट मानिसहरूमा कानूनी सचेतना र जिम्मेवारीको विकासबोध गराउँनुपर्छ । अपराध न्यूनिकरणका लागि समाजका मानिसहरुको मानसिकता र दृष्टिकोण परिवर्तन गर्न शिक्षा प्रदान गर्दै समाजमा भएका गलत सोचहरुलाई परिवर्तन गराउन सक्नुपर्छ । रिसइबीबाट हत्या जस्ता विभिन्न आपराधिक घटना न्यूनीकरणका लागि समाजमा सहिष्णुता र शान्ति कायम गर्नुपर्छ ।*

*मधेशको अर्को चुनौतीका रुपमा रहेको हतियार र अवैध कारोबार नियन्त्रणका लागि कडा निगरानी आवश्यक छ । सीमाबाट हुने भन्सार छलीको कारोबार र अवैध गतिविधि नियन्त्रणमा कडाइ गरेर मात्र यो समस्यालाई कम गर्न सकिन्छ । यदि हतियार नियन्त्रण र अवैध कारोबारलाई नियन्त्रण गर्ने तदारुकता प्रदर्शन गरिएन भने हाम्रो समाज दिन प्रतिदिन असुरक्षित र अपराधको दलदलमा फस्नेछ । अपराध नियन्त्रण गर्न सरकार, समाज र व्यक्तिगत स्तरमा समन्वय र प्रतिबद्धता चाहिन्छ । राज्यले आवश्यक कानून संशोधन गरी कठोर सजायको प्रावधान ल्याउनु र प्रहरी प्रशासनले अपराधीलाई छिटो भन्दा छिटो कारबाहीको दायरामा ल्याउनु अपराध नियन्त्रणको प्रमुख आधार हो । जबसम्म राज्यले आफ्नो दायित्व र जनताको सुरक्षा ग्यारेन्टी दिन सक्दैन, तबसम्म अपराध नियन्त्रण हुन सक्दैन । यसर्थ,सम्बन्धित पक्षहरु यस विषयमा अत्यन्त जिम्मेवारीका साथ क्रियाशील रहनुपर्छ ।*

# मधेशमा सुस्तायो एमाले प्रचार लौन झ्याली पिटौं !

*संविधान निर्माणको बेला अन्तर्राष्ट्रिय र घरेलु अवरोधलाई परास्त गर्दै सिंहदरबारको अधिकार स्थानीय तहसम्म कार्यान्वयन गर्ने मुख्य पात्र नै केपी शर्मा ओली भएको कुरा हामीले पु¥याउन सकेनौं । त्यो यथार्थ लान सकेको भए पछिल्लो समय कसरी देश विकासमा देखिनेगरी काम भएको रहेछ भनेर थाहा हुने थियो । यति धेरै कालोपत्रे, सडक, खानेपानी, विद्युतीकरण, स्कुल र स्वास्थ्य चौकी किन बने भन्ने बुझिन्थ्यो । नक्सा परिवर्तन गरेर देशको भूगोल फर्काउँदा होस् वा नाकाबन्दीमा अडान लिँदा होस्, यो योगदानले देशसँगै मधेशको शीर पनि उच्च भएको छ । कुनै बेला अध्यक्ष ओलीलाई खलनायक बनाएर प्रचार गरियो, जुन मधेशविरोधी चालबाजी रहेछ भनेर आमरुपमा चाँडै प्रकट भयो, तर समाजको धरातलीय तहमा यो कुरा अझै पुगेन ।*



चूडामणि वाग्ले

नेकपा एमाले महोत्तरी जिल्ला कमिटीको अधिवेशन गएको माघ २२ गते जलेश्वरमा उद्घाटन भएको थियो, जहाँ प्रमुख अतिथि हुनुहुन्थ्यो– नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली । उद्घाटन समारोहमा प्रस्तुत भएको झिझिया नृत्य 'केपी बा' ले धेरै मनपराउनु भयो । उहाँले कलाकारको प्रशंसा गर्नुभयो, धन्यवाद दिनुभयो । दर्शकको मन पनि जित्यो त्यो नृत्यले । तराई–मधेशमा यस्ता धेरै सांस्कृतिक विरासतहरु छन्, जसले जो कसैलाई मन्त्रमुग्धमात्र गराउँदैन, नयाँ स्फुर्तीको आभास गराउँछ।

निर्वाचनको बेला विभिन्न ठाउँमा ठूल्ठूला सभाहरु भएका हुन्छन् । ती सभामा बोल्ने वक्ताहरुको लामो सूची हुन्छन् । 'सानातिना' नेताले भाषण गर्न थालेपछि मानिसहरू झ्याउ मानेर हिंड्न थाल्छन्, अनि सांस्कृतिक प्रस्तुतिको तयारी हुन्न । भए पनि आयोजकले भन्छन्– 'वक्ता धेरै छन्, सांस्कृतिक प्रस्तुति दिन भ्याइन्न ।' दिक्क भएका जनताले सभास्थल छोड्ने क्रम बढ्दै गएपछि कोही हँसाउन सक्ने छन् कि या कोही गीत गाउँछन् कि, कोही चटके पो छ कि भनेर आयोजकले नै कार्यकर्तालाई खोज्नुपर्ने अवस्था आउँछ । कसैले गाउँछ, केहीले नृत्य गर्छन्, अनि फेरि मानिस अडिएर बस्छन्।

यी दुई उदाहरण दिँदा राष्ट्रिय जनसांस्कृतिक महासंघको कार्यक्षेत्र र महत्वलाई नबुझेको हैन । मैले त पार्टी प्रचारलाई मानिसको भावनामा जोड्न खोजेको हो । प्रचार मानिसको मन–मुटुसँग जोडिनुपर्छ । सबैजसो उमेर समूहको मनमा झट्ट छाप परिहाल्ने सन्देश नै प्रचारको सफलता हो । जुन सामग्रीले गहिरो छाप छोड्छ, त्यही हो, सबैभन्दा ठूलो प्रचार–खजाना।

नेकपा एमालेले प्रचारको लागि कमिटीगत रुपमा प्रचार तथा प्रकाशन विभाग गठन गरेर काम गरेको छ । सामान्यतयाः प्रचार विभागको काम समाचार सञ्चारमाध्यममा पठाउनु, विज्ञप्ति राख्नु, सामाजिक सञ्जाल भर्नु, केही श्रव्य–दृश्य सामग्री बनाउनु, प्रकाशन गर्नु र केही खण्डन गर्नु आदि परम्परागतमात्र हुन्छन् । लगभग ३५ वर्षदेखि यस्तै परिभाषामा नेकपा एमालेको प्रचार पद्धति चलेको छ । यसमा मेहनत पर्याप्त छ र यस्ता कार्यले जान्ने–बुझ्नेलाई काम गरेको छ, तर नेकपा एमालेलाई आधारभूत तहमा मन पराउनेले 'सुको' पनि उपलब्धि पाएनन्। मधेश प्रदेशमा त लामो समयदेखि न विभाग छ न त कुनै प्रचार कार्य नै।

विकिपेडियाले 'प्रचार' को परिभाषा दिँदै 'झ्याली पिट्ने काम' भनेको छ । (..सूचना फैलाउने काम, झ्याली पिट्ने काम) हो, पार्टी प्रचार बुझ्न यो परिभाषा ठोस छ, अब सामाजिक सञ्जाल केन्द्रित प्रचारमात्र हैन, नेकपा एमालेले हरेक क्षेत्रमा झ्याली पिट्नुपर्छ । आक्रामक प्रचार योजना बनाउनुपर्छ । एडवर्ड बर्नेजले प्रचारको अर्थ 'जनताको मानसिकतामा हेरफेर गर्न वा तिनीहरुको व्यवहारलाई निर्देशित गर्न योजनाबद्ध र सतर्क प्रयास' भनेका छन् । यो परिभाषा नै राजनीतिक प्रचारका लागि महत्वपूर्ण छ । तत्कालीन समयमा लेनिनले प्रचारलाई कति धेरै महत्व दिएका थिए। उनले भनेका थिए– 'प्रचारमात्र पर्याप्त छैन, यो संगठित संघर्षसँग जोडिनुपर्छ।' जोसफ गोयबेल्सले व्यापक खराब पीठो बेचे, जर्मनीमा नाजी प्रचारतन्त्र झूटो रहेछ भनेर बुझ्न मानिसले पुस्ता नै पर्खनुपऱ्यो। नेकपा एमालेसँग चामल नै छ, तर बिक्री भएको छैन । केन्द्रमा हाम्रो एउटा थोक पसल छ (विभाग), तर तलतलका पसलमा चामल नै छैन । चामलको अभाव टोल–टोलमा छ, तर किन्ने कहाँ ?

मधेश प्रदेशमा नेकपा एमालेप्रतिको आकर्षण थामिसक्नु छैन । एमालेमा आकर्षण बढ्नुको मूल कारण पार्टी अध्यक्ष केपी शर्मा ओलीको सही मधेश दृष्टि, सक्रियता र सतहसम्मको ज्ञान नै महत्वपूर्ण हो । मधेशमा अहिले लानुपर्ने प्रचार भनेको विचार, सिद्धान्त, मधेश विकासमा उहाँको ठोस योजना र 'समृद्ध नेपाल सुखी नेपाली' को अवधारणा हुन्, तर परम्परागत रुपमा काम गरिरहेका हाम्रा प्रचार संयन्त्र केन्द्रीकृत छन् । मधेशका आधारभूत तहका जनतामा रहेको आकर्षणलाई बुझ्ने र सतहमा पुग्ने सोच देखिँदैन । प्रदेश र जिल्लास्तरमा बन्ने प्रचार संयन्त्रमा पनि यो पुरातन मान्यताबाट दायाँ–बायाँ गर्ने ह्याउ देखिन्न।

केन्द्रीय प्रचार र प्रकाशन विभागको परिपत्रले मात्र मधेश प्रदेशको प्रचार कार्य उठ्दैन । यहाँको विशेषताअनुरुपको योजना बनाउन नसक्ने हो भने प्रचार कर्मकाण्डी शैलीमा नै सीमित हुनेछ । जिल्ला–पालिका–गाउँका योजनामा स्थानीय विशेषता झल्कनुपर्छ।

संविधान निर्माणको बेला अन्तर्राष्ट्रिय र घरेलु अवरोधलाई परास्त गर्दै सिंहदरबारको अधिकार स्थानीय तहसम्म कार्यान्वयन गर्ने मुख्य पात्र नै केपी शर्मा ओली भएको कुरा हामीले पु¥याउन सकेनौं । त्यो यथार्थ लान सकेको भए पछिल्लो समय कसरी देश विकासमा देखिनेगरी काम भएको रहेछ भनेर थाहा हुने थियो । यति धेरै कालोपत्रे, सडक, खानेपानी, विद्युतीकरण, स्कुल र स्वास्थ्य चौकी किन बने भन्ने बुझिन्थ्यो । नक्सा परिवर्तन गरेर देशको भूगोल फर्काउँदा होस् वा नाकाबन्दीमा अडान लिँदा होस्, यो योगदानले देशसँगै मधेशको शीर पनि उच्च भएको छ।

कुनै बेला अध्यक्ष ओलीलाई खलनायक बनाएर प्रचार गरियो, जुन मधेशविरोधी चालबाजी रहेछ भनेर आमरुपमा चाँडै प्रकट भयो, तर समाजको धरातलीय तहमा यो कुरा अझै पुगेन । त्यसैले त्यहाँ 'भिलेनहरुले हिरोलाई हिलो छयाप्न' छोडेका छैनन् । प्रचार संयन्त्रले त्यहाँ गएर हिलो छयापिएको अनुहारमा पानीले पखाल्ने काम गर्नुपर्ने हो । जहाँ सामाजिक सञ्जालमात्र हैन, पार्टीको संयन्त्रमार्फत आक्रामक प्रचार कार्य चाहिन्छ।

पार्टीको मधेश प्रदेश प्रचार तथा प्रकाशन विभागले २०८० साल भदौ १ गते वीरगञ्जमा महासचिव शंकर पोखरेलबाट प्रचार कार्यालय र फेसबुक पेज उद्घाटन गरेको थियो । मधेश प्रदेशमा पार्टी प्रचार हेर्ने केन्द्रीय सदस्य अरविन्द सिंहको केन्द्रीय भूमिका थियो त्यो सक्रियतामा । अहिले त्यो जोश कायम हुन सकेन, त्यो प्रयासमा मलजल भएन । थोक पसल चलेन । बजारमा मन्दी नआउँदै हाम्रो पसलमा सामान सकियो । यो पवित्र प्रयासलाई अब फेरि घनीभूत बनाउन जरुरी छ, तर अहिलेको प्रचार दृष्टिले यो पसललाई व्युँताउन सक्ला र ? निष्कर्ष यो हैन कि आजका आधुनिक प्रचार संयन्त्र चाहिन्न । बरु आधुनिक दुनियाँका प्रचार संयन्त्रहरुलाई भरपुर उपयोग गर्दै प्रचार कार्यलाई पार्टीको सबै तहका कमिटी र सबै जनवर्गीय संगठनका तहगत इकाइमा अभ्यास गर्नुपर्छ । अहिले चैं कमिटी भए, तर अभ्यास भएन । केन्द्र, प्रदेश, जिल्ला र पालिका तहका प्रचार संयन्त्र नै हाम्रा मूल मार्ग हुन्, तर यसमा पार्टी कमिटी प्रणालीको माला नगाँसेसम्म हामी काम त गर्छौं, तर लक्ष्य भेदन हुनेछैन।

मधेश प्रदेशमा त प्रचार शैली पूरै निदायो, अब व्युँझाउँदै छिटो औछिटो झ्याली पिटौं । प्रचार संयन्त्र यस्तो बन्दुक बनाऔं,जुन गोलीले चराको आँखाबाहेक अन्यन्त्र नदेखोस् ।

नेपालप्रेस

# पत्रकारितामा बढ्दो छाडापन



रामकुमार एलन

पत्रकारिता विवेकको कर्म हो । 'घण्टा'मा सीमित पारिनुहुन्न । जब नेपालका व्यावसायिक सञ्चार घरानाहरुले पत्रकारको हाजिरी, मासिक २ सय ६ घण्टाको नियम राखे । त्यतिखेर कार्यालय आएर कम्प्युटर अगाडि उँघेर ८ घण्टा कटाउने कि एउटा दमदार समाचार खोजेर कम्पनी र आफूलाई 'समाचारको नायक' बनाउने भन्ने मुद्दा उठाउने हामी पनि हौँ । पत्रकार मजदुर नै हुन्, तर ८ घण्टा काम गर्ने मजदुर होइनन्, ८ घण्टा भन्दा बढी नै काम गर्ने तर लगातार काम नगर्ने मजदुर हुन् । यसै भनियो । धेरै पत्रकारको हुलिया हेर्दा यस्तै देखिन्थ्यो । त्यसैले मेसिनमा औँला दबाएर ७ घण्टा बाहिर घुम्ने, एउटा समाचार उत्पादन गर्न नसक्ने पत्रकारका लागि '८ घण्टा' अत्यधिक रमाइलो भयो । कतिसम्म भने परिचय पत्र देखाएर हाजिर गर्ने टेलिभिजनमा त एउटै पत्रकार गएर साथीहरुको परिचयपत्र देखाएर हाजिर गरेर आउनेसम्मको कथाव्यथा छन्, अलि पछि पुस्तकमा लेखौँला।

अनि स्टेसनभित्रै बस्ने, समाचार घण्टा–घण्टामा पढ्ने, लेख्ने, श्रव्यदृश्य काट्नेका लागि यो '८ घण्टा'को नियम जरुरी नै थिएन । अर्को साथी नआउँदा १२ घण्टा समाचार पढेबापत उनीहरुले अतिरिक्त भत्ता पनि पाएका थिएनन् र पाउने स्थिति पनि छैन । यति हुँदाहुँदै पछिल्लो समय आएका अनलाइन न्युजपोर्टलहरुले त 'घन्टे' चलनलाई विस्थापित गरिदिए । जहाँ बसे पनि 'सुकुमार' सामग्री 'ब्रेक' गरिदिएपछि 'घण्टा'घर छाडेर पत्रकारहरु 'पोर्टल'क्लबतिर लागे । त्यो क्लबजस्तै थियो ःः रमाइलो पनि, जोखिम पनि, सस्तो लोकप्रियता पनि ! जुवाघरको विजेताको शान जस्तो, जुवा हारेको हरुवाजस्तो !

पत्रकारका पनि समस्या छन् । जापान पठाएको छोरा सामाजिक सञ्जालमा उभिएर 'नेपालका प्रधानमन्त्री मारिदिउँ', 'यही हो मौका', 'हानौँ साथी हो' जस्तो अपराधयुक्त वाणी प्रदूषित गरिरहेको बारीका पाटा बेचेर विदेश पठाउने आमाबाबुलाई थाहै हुन्न । छोराछोरीले के नाममा सामाजिक सञ्जाल चलाइरहेको छ भन्ने पनि भेउ हुन्न । निर्दोष आमाबाबुलाई सन्तानको प्रगति हेर्ने रहर हुन्छ। सन्तान चैँ 'बाह्र हातको टाँगा'ले पनि नछुने यस्ता वाहियात कुरा गरेर सिंगो जिन्दगी उत्तेजनाको रागमा खरानी पारिरहेका हुन्छन्।

बेलैमा छोराछोरीबारे सामान्य हेरचाह मात्र गरेको भए यस्ता सन्तान उत्पादन हुन्थेनन् । तर दुःखको भारी बिसाउँदै हुर्काइएको सन्तान कस्तो सप्रियो भन्ने थाहा पाउन यस्तै एकाध नतिजा नआई हुन्न । यो पत्रकारितामा पनि हुर्कँदै गरेको चिन्तन् को विषय हो । सुनेको भरमा लेखिदिने । सुनेको विषय 'भेरिफाइ'विना सञ्चारमा ल्याइदिने होडले हाम्रो घण्टे पत्रकारिता जेनतेन बाँचिरहेको छ । हामीले सामाजिक सञ्जाललाई आफ्नो फलोअर बनाउनु पर्नेमा हामी चैँ सामाजिक सञ्जालको फलोअर भइरहेका छौँ । जस्तो लेखे शेयर कति भयो, बोले भ्युज कति आयो ? कसलाई जित्यौँ, तुलनाको जमानाकै पल्लाभारी छ।

जेनतेन बाँचिरहेको पत्रकारिता मार्न सिंगो समाज उदत छ । मिल्ने भए वडाअध्यक्षदेखि वडासचिवसम्म पनि पत्रकार कार्यालय नछिरे हुन्थ्यो भन्नेमा छन् । पार्टीका कार्यकर्ताहरु उस्तै दुःख दिन्छन् । उनीहरु अरुले चन्दा उठाएको खिचेर ल्याएर पत्रकारलाई दिन्छन् । आफ्नो चैँ नआइदिए हुन्थ्यो भन्नेमा छन् । नयाँ भनिएको राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ताहरुले पनि यसपटक पोखरामा ऋषि धमलाको टिभीका पत्रकारहरुलाई दुर्व्यवहार गरे । खासमा ऋषिजीको एंकरिङमा घण्टीजनहरु रुष्ट थिए । तर त्यसको भुक्तानी खेप्नु पर्यो उनका सकल दर्जाका संवाददाता र क्यामरापर्सनहरुले।

यसरी आग्राको कुरा गाग्रामा पुर्याउने सामाजिक सञ्जालहरुको बढावाले हाम्रो पत्रकारिता सुस्त, अलोकप्रिय बनिरहेको छ । किनभने, आज स्रोतले नबताउने, भोलि कुरा गरौँ भने पत्रकारले 'हस्' भन्नुपर्छ । तर सामाजिक सञ्जाल चलाउनेहरु देखिहाल्नु भयो, 'प्रधानमन्त्री मर्यो रे !' भनेर भिडियो हालिरहेका छन् । 'प्रधानमन्त्री मार्दिउँ साथी हो' भनेर भिडियो हालिरहेका छन् । यस्ता नकारात्मक कुरा तत्काल सञ्चार हुने प्रचलन छ । यसलाई कसैले नाम राखिदिएको छ 'भाइरल ।' यो पहिला ज्वरो, रुघाखोकीका रुपमा आउँथ्यो, अचेल मोबाइलमा आउँछ । यस्तो भाइरल हुने रहरले धेरैले हिरासतको हावा चाखिरहेका छन् । यसमा हामीले उनीहरुलाई पनि उछिन्ने गरी पत्रकारिता गर्ने नाममा छाडापन भित्राउँदा पत्रकारिता खुइलिँदै गएको हो । पत्रकारिता खुइल्याउन दुनियाँ लागेका बेला हामीले पनि मेहनतका साथ खुइल्याउन लाग्यौँ।

स्वतन्त्रताका नाममा पशुपतिका साँढे नाङ्गै हिँडे झैँ हामी पनि 'पत्रकार' भनेर–बनेर यस्ता छाडापनमा रमाउँदा समाजले आज टिकटकर, युट्युबर जति पनि हामीलाई पत्याउँदैनन् । हामी आज श्रमशिविरको कुरा बाहिर ल्याएर खुलापत्रका नाममा फेरि भाइरल हुन खोजिरहेका छौँ । श्रमशिविरभित्र आफ्नो दायित्व बहनबारे लिखित या दर्ज हुने प्रतिवेदन हामीले बनाउँदैनौँ।

तपाई लेखिरहनु भएकै छ । लेख्ने पेशा हो, बोल्ने क्षमता हो, कोही कोही त टिभीमा उपयुक्त हुन्छन् । स्पष्ट स्वर, लोकले छिः नभन्ने हुलिया, जनउत्तरदायी सामग्री प्रस्तुति । यही हो हाम्रो परिचय, शान, पहिचान र हुलिया।

निजी कम्पनीले तपाईंलाई कुनै पनि बेला 'हायर' गर्न सक्छ । तपाईंको काम चित्त नबुझेका दिन 'फायर' गर्न सक्छ । फायर गर्नुअघि ब्लांकफायर पनि चलाउन सक्छ, बुझ्ने–नबुझ्ने तपाईंको क्षमतामा भर पर्छ । तर तपाई जब श्रमशिविरभित्र छिर्नुहुन्छ, तपाईंका केही दायित्वहरु हुन्छन् । जस्तो शिविरमा तपाईंको पद तोकिएको हुन्छ, पदको कदअनुसार भूमिका हुन्छ । तपाई कोही मातहत या तपाई मातहत कोही हुन्छन् । ती सबैको कमाण्डरसीप गर्नुपर्ने क्षमतामा चुक्नु हुन्न । कनिष्ठले 'नमाने' तपाईंको 'वरिष्ठता' व्यवस्थापनको 'दर्शन'मा 'लिलामी'मा परिसकेको हुन्छ । त्यसपछि तपाईंको 'प्रदर्शन' कम्पनीमा फिका हुँदै जानेमा शंका छैन।

अब बिट मारौँ, कहिलेकहीँ पत्रकारले आफ्नै पनि समीक्षा गर्नु पर्छ । उसै पनि २०४६ सालदेखि नेताको संगत गरेर पत्रकारिता थप अध्ययनविनाको वरिष्ठ पत्रकार भइरहेको छ । त्यसपछि कलाकारको संगत गरेर फिल्म नआएको वर्षौं हुँदा पनि राजेश हमाल 'महानायक' भनेर बस्नु परेको छ । जनता मासुभातका भोकबाट माथि उठ्न सकेनन् भनेजस्तै हामी २४ हजार ५ सय रुपैयाँबाट माथि उठ्न सकेका छैनौँ । त्यही २४ हजार ५ सयका लागि पनि हामी शिविरमा छिरेपछि परिचय पत्र माग्दैनौँ । करार पत्र गर्दैनौँ । बिदा मनलाग्दी लिन्छौँ तर हिसाब राख्दैनौँ । समयमा पारिश्रमिक नपाएको पनि भन्दैनौँ । सकुन्जेल काम गर्छौं । कहिलेकहीँ यस्तो विरक्त हुन्छौँ, कहिले उत्तेजित हुन्छौँ । शिविरमुक्त हुने रहर पनि लाग्छ । अर्को शिविरले यो पत्रकार त क्षमतावान होला भनेर '५ हजार रुपैयाँ' जति बढीको किस्ती देखाउँछ । यताको करार तोडेर जान्छौँ । भूमिका छोडेर जान्छौँ । एउटामा कमाण्डर बनेको पत्रकार २–४ हजार बढी पाएपछि अर्कोमा सहायक कमाण्डर भएका देखेकै छौँ । करारविनाको हाम्रो करियर कुनै पनि बेला तासको घर हुनसक्छ । व्यवस्थापनले कुनै कारणविना नै पदमुक्त गरिदिन सक्छ।

यस्तोबेला बाहिर गएर फुक्काफाल टिकटकर, युट्युबरजस्तै हामी ब्लगर हुन्छौँ र ब्लग लेख्न थाल्छौँ । दुनियाँ त पत्रकारिता मास्न लागेकै छन् । पत्रकारिता गर्नेहरु नै पनि यसमा मदत गरिरहेका छन् । एउटा चाउचाउ कम्पनीले अर्को चाउचाउ कम्पनीले राजस्व छले कहिल्यै बाहिर ल्याउँदैन । एउटा ठेकेदारले कम सिमेन्ट हालेर पुल बनाए अर्को ठेकेदारले विरोध गर्दैन । एउटा कर्मचारीले घुस खाए अर्को कर्मचारीले किन खाएको भनेर गाली गर्दैन । तर पत्रकारितामा स्वतन्त्रताका नाममा यस्तो छाडापनको व्यापार गरिरहेका छौँ । हिजो त्यही शिविरले भातपानी जुटाइरहँदा महान भनिन्छ । अनि केही पारिश्रमिकको विवाद र कमाण्डरसँगको असहमतिलाई बाहिर हामी 'सेल' गर्न थाल्छौँ । ब्लग लेखेर खुलापत्र भन्दै उछाल्छौँ । हामीले गरेको कामको विवरण, महिनामा गरेको कुल घण्टाको रिपोर्ट, आफूले उत्पादन गरेका अब्बल सामग्री र त्यसले कम्पनीलाई पुगेको फाइदाको कागजात चैँ दिनु परे फेरि त्यही शिविर जानु पर्ने हाम्रो बाध्यता छ । आफूलाई अब्बल बनाउन उत्पादनबाट स्थापित हुने पत्रकारिताको अभ्यास गरौँ । विरोध गर्न त आशिका तामाङजस्ता 'क्यारेक्टर' जति पनि बेला उत्पत्ति भइहाल्छन्।

ऋषि धमलाले दिनहुँ पत्रकारितामा बोलेको भएर उनलाई उडाइएको हो । पत्रकार भनेर कार्ड बोकेर भट्टीतिर भेटिनेहरुलाई कसले उडाएका छन् र ? उडाउनु सजिलो विषय हो, उडेर हेरौँ कति कष्ट छ ? अर्को कुरा, विश्वकपकै पुरस्कार वितरण हेरौँ । त्यहाँ सर्वोच्च विजेताको शिर ठाडो हुन्छ । जब मेडल लिने बेला हुन्छ, प्रमुख अतिथिका अगाडि शिर झुक्छ । हामी कपाल ठाडो पारेपछि झुक्नु पर्दैन भन्ने भ्रमणमा छौँ।

खासमा कपाल होइन, देशको शिर ठाडो पार्ने काममा छुद्रताले होइन भद्रताले काम गर्छ । सत्यले परीक्षित हुनु पर्ने र भ्रमले संसार भ्रमण गरिसक्ने बेला भए पनि सत्यका पक्ष छाडेका दिन हाम्रो पत्रकारिता पनि 'स्वतन्त्र' होइन 'छाडा' हुन्छ । र, जतिसुकै छाडा भए पनि मैले चैँ पागलले लिपिस्टिक पसल गएर लिपिस्टक खाएको देखेको छैन, होटलमै गएर खानेकुरा मागेको देखेको छु, साँढेले मासु खाएको देखेको छैन, सागपात नै खाएको देखेको छु । इत्यलम्।

*मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।*

# रवि लामिछानेलाई थप १० दिन हिरासतमा राख्न अनुमति



**कास्की ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई थप १० दिन हिरासतमा राखेर अनुसन्धानका लागि कास्की जिल्ला अदालतले मंगलबार अनुमति दिएको छ ।
सहकारी ठगी अभियोगमा यही कात्तिक २ गते पक्राउ परेका लामिछानेलाई कात्तिक १५ गतेदेखि लागू हुनेगरी तेस्रो पटक १० दिनको म्याद थप गरिएको जिल्ला अदालतका सूचना अधिकारी सुरज अधिकारीले जानकारी दिए । यसअघि गत कात्तिक १४ गतेसम्मको म्याद रहेकामा तिहार विदाका कारण अदालत बन्द भएकाले तिहारको विदापछि लामिछानेलाई मंगलबार अदालतमा पेश गरिएको थियो ।
जिल्ला अदालतका न्यायाधीश चन्द्रकान्त पौडेलको इजलासले हिरासतमा राखेर थप अनुसन्धान गर्न अनुमति दिएको अधिकारीले बताए । सभापति लामिछानेलाई कात्तिक ४ गते पहिलोपटक अदालत उपस्थित गराइएको थियो ।
सभापति लामिछानेले यही कात्तिक २३ गतेसम्म हिरासतमा बस्नुपर्ने भएपछि नेताहरू भने अनौपचारिक छलफलमा जुटेका छन् ।
थप आन्दोलनको तयारी र अन्य नयाँ कार्यक्रमबारे छलफल गर्न नेताहरू जुटेका हुन् । रास्वपाका एक सांसदका अनुसार जिल्ला अदालत कास्कीबाट १० दिन म्याद थपिएपछि अब रास्वपाले आन्दोलनको स्वरूप कस्तो बनाउने भन्नेबारे छलफल हुनेछ । रवि पक्षका वकिलहरूले यस पटक पनि उनलाई हिरासत बाहिर राखेर अनुसन्धान गर्न माग गरेका थिए । तर अदालतबाट १० दिनको म्याद थपिएपछि उनीहरू आक्रोशित छन् । रासस

# लुम्बिनीका मुख्यमन्त्री चीन जाँदै




**लुम्बिनी ।**
यही कात्तिक २६ देखि २८ गतेसम्म चीनको सिछुआन प्रान्तमा हुने अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी हुने सात सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य चीन भ्रमणमा जाने भएका छन् ।
प्रदेश सरकार मन्त्रिपरिषद्को मंगलबारको बैठकले उनको चीन भ्रमणको कार्यक्रम स्वीकृत गरेको सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले जानकारी दिए । मुख्यमन्त्री आचार्यका साथ आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्की, प्रमुख सचिव महादेव पन्थलगायत प्रदेश सरकारका उच्च अधिकारी सहभागी हुनेछन् ।
लुम्बिनी प्रदेश सरकार र सिछुआन प्रान्तबीच पारिस्परिक सहयोग तथा सद्भाव थप अभिवृद्धि गर्ने उद्देश्यले २०७६ सालमा भगिनी सम्बन्ध कायम छ । कृषि, उद्योग, पर्यटन लगायतका क्षेत्रमा लुम्बिनी प्रदेश सरकार र सिचुआन प्रान्तबीच सहयोग आदानप्रदान गर्ने समझदारी भएको थियो । लुम्बिनी प्रदेशको समग्र विकासका योजनालाई कार्यान्वयन तथा दुई पक्षीय सहयोग र सहकार्य विस्तारका दिशामा उच्चस्तरीय वार्ता हुने प्रवक्ता पन्तले बताए । रासस

# मन्त्री खड्का र भारतीय समकक्षीबीच भेट




**काठमाडौं ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आइएसए) का अध्यक्ष एवम् भारतका नवीन एवम् नवीकरणीय ऊर्जामन्त्री प्रल्हाद वेंकटेश जोशीबीच भेटवार्ता भएको छ ।
भारतको नयाँदिल्लीस्थित भारतमण्डप केन्द्रमा आज भएको भेटमा दुवै देशबीच भविष्यमा दिगो विकास, जलवायु परिवर्तनका असर न्यूनीकरण, स्वच्छ ऊर्जा सङ्क्रमणलगायत विषयमा सहकार्य गरेर जाने विषयमा छलफल भएको भेटमा सहभागी विद्युत् विकास विभागका महानिर्देशक नवीनराज सिंहले जानकारी दिए ।
भेटमा ऊर्जामन्त्री खड्काले अन्तर्राष्ट्रिय सौर्य गठबन्धनले नेपालका लागि पहिचान गरेका सोलार रोडम्याप निर्माण, सौर्य ऊर्जामार्फत स्वास्थ्य, शिक्षा, पर्यटनको सम्भाव्यता खोजी, सौर्य सिँचाइ, सोलार टेक्नोलोजी केन्द्र स्थापना गर्नेलगायत आइएसएसँग काम गर्न आफू आशावादी रहेको बताएका थिए ।
मन्त्री खड्काले आइएसएको महानिर्देशक पदमा भारतको उम्मेदवारलाई नेपालको समर्थन रहेको बताउँदै उक्त पदमा विजयी भारतका उम्मेदवार आशिष खन्नालाई सफल कार्यकालको शुभकामना व्यक्त गरे ।
उनले बुढीगण्डकी जलविद्युत् परियोजनाको जलाशयको सतहमा एक हजार मेगावाटको फ्लोटिङ सोलार विकास गर्नका लागि सहयोग गर्न आग्रह गरेका थिए। आइएसएका कार्यक्रमलाई अगाडि बढाउन आइएसए र नेपालबीच चाँडै द्विदेशीय साझेदारी गरेर अगाडि बढ्नुपर्नेमा मन्त्री खड्काको जोड थियो ।
भेटमा आइएसएका अध्यक्ष एवम् भारतीय समकक्षी जोशीले नेपालमा सौर्य आयोजनालाई अगाडि बढाउन आइएसए कोषबाट आर्थिक सहयोग गरिने बताए ।
भेटमा मन्त्री खड्कासँगै मन्त्रालयका वरिष्ठ ऊर्जाविज्ञ प्रबल अधिकारी, विद्युत् विकास विभागका महानिर्देशक सिंहलगायत नेपाली प्रतिनिधिमण्डलका साथै नयाँदिल्लीस्थित नेपाली राजदूतावासका प्रतिनिधिको सहभागिता रहेको थियो । रासस

# नेकपा एस ‘एक पद, एक व्यक्ति’ मा जाने

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले पार्टीले सबै तहका कमिटीमा ‘एक पद एक व्यक्ति’ प्रणालीका आधारमा कार्यविभाजन गर्ने भएको छ । सङ्गठनलाई थप सुदृढीकरण गरी गतिशील बनाउन पार्टीका सबै तहका नेतालाई व्यवस्थापन गर्न ‘एक पद एक व्यक्ति’को अवधारणा कार्यान्वयन गर्न लागिइएको हो । पार्टीमा आलोचनात्मक टिप्पणी गर्ने, फरक विचार पक्षधरलाई ठोस जिम्मेवारीमा केन्द्रित गर्नेगरी नेताको जिम्मेवारी कार्यविभाजन गर्न लागिएको सचिव सोमप्रसाद पाण्डेयले जानकारी दिए ।
पार्टी संरचनामा कार्यविभाजन गर्ने पार्टी अध्यक्ष माधवकुमार नेपालको नेतृत्वमा सम्मानित नेता झलनाथ खनाल, महासचिव घनश्याम भुसालसहित सात पदाधिकारीको कार्यदल गठन गरिएको छ । कार्यदलले पार्टीका असन्तुष्ट नेतासँग छलफल गरी उनीहरूलाई पनि केन्द्रीय जिम्मेवारी प्रदान गर्ने तयारी गरेको पार्टीले जनाएको छ ।
नेताहरूको सक्षमता, विगतका कार्यसम्पादनको मूल्याङ्कन गर्न गठित कार्यदलले जिम्मेवारी हेरफेर तथा साङ्गठनिक संरचनामा कार्यविभाजनका लागि गृहकार्य गरेको सचिव पाण्डेले बताए ।
अध्यक्ष नेपाल विदेश भ्रमणमा रहेकाले उनी स्वदेश फिर्ता भएपछि पार्टी विभागीय प्रमुख तथा जनवर्गीय सङ्गठन, प्रदेश इन्चार्ज तोकिने र आवश्यकतानुसार अन्य नेताहरूको कार्यविभाजन गरिने जनाइएको छ ।
पार्टीले समान विचारधारा भएका पार्टी, कम्युनिष्ट पार्टीको निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका नेताहरूसँग कार्यदलले छलफल गरेको सचिव पाण्डेयले जानकारी दिए । रासस

# प्रधानमन्त्री ओली अस्वस्थ

**काठमाडौं ।**
प्रधानमन्त्री केपी शर्मा ओली अस्वस्थ भएका छन् । सामान्य ज्वरो आएका कारण प्रधानमन्त्रीले मंगलबार अत्यावश्यकबाहेक कुनै भेटघाट र कार्यक्रम नराखी आराम गरेको उनको सचिवालयले जनाएको छ ।
प्रधानमन्त्री ओली सरकारी निवास बालुवाटारमा आराम गरिरहेका हुन् । रासस

# उपचुनावको उम्मेदवारसँग प्रचण्डको छलफल



**काठमाडौं ।**
स्थानीय तहको उप निर्वाचनको तयारी स्वरुप नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले भेटघाट तथा छलफललाई सुरु गरेका छन् ।
मंगलबार अध्यक्ष प्रचण्डले खुमलटार बोलाएर पार्टीबाट टुंगिएका काठमाडौंको कीर्तिपुर र दोलखाको गौरीशंकर गाउँपालिकाका उम्मेदवारसँथ छलफल गर्दै जितका लागि शुभकामना समेत दिएका छन् । आगामी मंसिर १६ गते हुने उपनिर्वाचनमा पार्टीको तर्फबाट काठमाडौंको कीर्तिपुर नगरपालिकाका उम्मेदवार प्राध्यापक डाक्टर शिवशरण महर्जन, कीर्तिपुर १ को वडाध्यक्षमा अष्टमान महर्जन र वडा नं ४ को वडाध्यक्षमा ईञ्जिनियर नारायण विष्ट उम्मेदवार बनाएको छ ।
माओवादीले दोलखाको गौरीशंकर गाउँपालिका उपाध्यक्षमा निमलेखी शेर्पा (डोल्मा) लाई उम्मेदवार बनाएको छ ।
उनीहरु सम्बन्धित कमिटीबाट सर्वसम्मत उम्मेदवार बनेका हुन् । माओवादीले यसपटकको निर्वाचनमा एक्लै चुनाव लड्ने तयारी गरेको छ ।

# स्थानीय तहको उपनिर्वाचनको तयारी तीव्र




**काठमाडौं ।**
रिक्त रहेका विभिन्न स्थानीय तहको निर्वाचनका आगामी मंसिर १६ गते हुदैछ । निर्वाचन आयोगले ४४ पदमा हुने उपनिर्वाचनका लागि तयारी तीव्र गतिमा भइरहेको जनाएको छ । यसअघि स्थानीय तहका ३९ पदमा उपनिर्वाचन हुने भनिएपनि थप ५ पद रिक्त हुन पुगेपछि ४४ पुगेको आयोगले जनाएको छ । ताप्लेजुङको सिरीजंघा गाउँपालिका वडा नम्बर ३ का अध्यक्षले राजीनामा दिएसँगै आयोगको कात्तिक ११ गतेको निर्णयबाट उपनिर्वाचन गर्ने निर्णय भएको छ । सोही मितिमा सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नम्बर १ मा पनि अध्यक्ष पदमा उपनिर्वाचन गर्ने निर्णय भएको छ । सो वडाका अध्यक्षको निधन भएपछि उपनिर्वाचन हुन लागेको हो ।
यसैगरी कपिलवस्तुको शुद्धोदन गाउँपालिका वडा नम्बर १ मा अध्यक्ष, रुकुम (पूर्वभाग) स्थित पुथा उत्तरगंगा गाउँपालिकाको उपाध्यक्ष र सोही गाउँपालिकाको वडा नम्बर २ को अध्यक्ष पदमा पनि उपनिर्वाचन हुने भएको छ । ती स्थानीय तहका जनप्रतिनिधिको निधन भएपछि कात्तिक १ गतेको निर्णयबाट उपनिर्वाचन हुने पद थप गरिएको आयोगले जनाएको छ ।
आयोगका अनुसार कोशी प्रदेशमा ९, मधेस प्रदेशमा ७ पद, बागमती प्रदेशमा ७ पद, गण्डकी प्रदेशमा १ पद, लुम्बिनी प्रदेशमा ६ पद, कर्णाली प्रदेशमा ८ पद र सुदूरपश्चिममा ६ पदमा निर्वाचन हुन लागेको हो ।
मोरङको रामग्राम नगरपालिकामा अध्यक्ष, दोलखाको गौरीशंकर गाउँपालिकामा उपाध्यक्ष, काठमाडौँको कीर्तिपुर नगरपालिकामा प्रमुख, रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिकामा उपाध्यक्ष, दैलेखको महाबु गाउँपालिकामा अध्यक्ष, जाजरकोटको नलगाड नगरपालिकामा उपप्रमुख, हुम्लाको सर्केगाड गाउँपालिकामा उपाध्यक्ष, बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकामा उपाध्यक्ष, कैलालीमा जिल्ला समन्वय समिति प्रमुख पदमा उपनिर्वाचन हुँदैछ । यसबाहेक अन्य स्थानमा वडाध्यक्ष र सदस्य पदमा उपनिर्वाचन हुने आयोगको भनाइ छ ।

# पूर्वमन्त्री मनाङे ज्यान मार्ने उद्योगमा दोषी ठहर

**काठमाडौँ ।**
गण्डकी प्रदेश सभा सदस्य एवं पूर्वमन्त्री दीपक मनाङे ज्यान मार्ने उद्योगमा दोषी ठहर भएका छन् ।
सर्वोच्च अदालतका न्यायाधीशद्धय नहकुल सुवेदी र टेकप्रसाद ढुङ्गानाको इजलासले उनलाई ज्यान मार्ने उद्योगमा यसअघि उच्च अदालत पाटनबाट भएको फैसला मिलेको भन्दै सदर गरेको हो ।
उच्च अदालत पाटनले उनलाई ज्यान मार्ने उद्योगमा ५ वर्ष कैदको फैसला सुनाएको थियो । सर्वोच्चले पनि पाँच वर्ष कैदको फैसला सदर गरेको हो । यो विवादमा उनी २०७५ साल पुसमा थुनामा समेत बसेका थिए । उनको मुद्दा सर्वोच्चमा २०७५ फागुन ३ गते सुरु भएको थियो । उनले थुनाबाटै पुनरावेदन गरेपछि सर्वोच्च अदालतले २०७५ साल पुस ७६ गते धरौटी राखेर उनलाई थुनामुक्त गर्न पत्र लेखेको थियो । त्यसपछि मनाङे जेल बाहिर रहेर मुद्दा लड्दै आएका थिए ।
दीपक मनाङे उर्फ राजीव गुरुङको गुण्डा समूहले अर्का गुण्डा नाइके चक्रे मिलनमाथि तरबार प्रहार गरी हात छिनाएको थियो ।
ठेक्कापट्टा र असुली धन्दामा कुरा नमिलेपछि मनाङे समूहले चक्रे मिलन समूहमाथि २०६१ सालमा आक्रमण गरेको थियो । आक्रमणमा मनाङे समूहले चक्रेको हात नै छिनाएको थियो । पछि शिक्षण अस्पतालमा चक्रेको हात जोडिएको थियो ।
ज्यान मार्ने मनसायले आक्रमण गरिएको भन्दै मनाङेमाथि जिल्ला अदालत काठमाडौँमा मुद्दा दर्ता भएको थियो । तर जिल्ला अदालतले सामान्य कुटपिट मात्रै भएको भन्दै मनाङेलाई २ वर्ष कैद सजाय सुनायो ।
तर जिल्ला अदालतको फैसला चित्त नबुझेपछि सरकारवादी उक्त मुद्दा पुनरावेदन अदालत पाटनमा दायर भयो । पुनरावेदनले जिल्ला अदालतको फैसलामा केही उल्टी गर्दै ज्यान मार्ने उद्योग अन्तर्गत मनाङेलाई ५ वर्षको जेल सजाय तोक्यो भने मनाङेसँगै अन्य आरोपितलाई सफाइ दियो ।
पुनरावेदनले पनि अन्य आरोपितहरू गणेश लामा, रेवत कार्की, रमेश सुनुवार र उमेश लामालाई सफाइ दिएपछि सरकार उक्त मुद्दा लिएर सर्वोच्च अदालतमा पुग्यो । तर दीपक मनाङेको हकमा ५ वर्षको कैद सजाय ठहर भइसकेकाले त्यसैमा चित्त बुझाउँदै मनाङेविरुद्ध भने पुनरावेदन भएन ।
यता सर्वोच्च अदालतले पनि अन्य आरोपितहरूलाई सफाइ दियो भने मनाङेको हकमा पुनरावेदन अदालत पाटनकै फैसला सदर गरी कार्यान्वयन गर्न निर्देशन दियो ।
तर पुनरावेदन अदालतबाट दोषी ठहर भएका मनाङे न फैसला कार्यान्वयनका लागि जेल गए, न त सर्वोच्चमा पुनरावेदन गर्न नै पुगे । उनी फरार सूचीमा रहे ।
तर जब उनी मनाङबाट प्रदेशसभा सदस्य निर्वाचित भए, त्यसपछि बल्ल पुनरावेदनका लागि सर्वोच्च अदालत पुगे । २०७४ जेठमा पुनरावेदन गर्न सर्वोच्च पुगेका दीपक मनाङे उर्फ राजीव गुरुङको पुनरावेदनको दरपिठ सर्वोच्चका रजिष्ट्रारले खारेज गरिदिए । हद म्याद नाघेको भन्दै उनको दरपीठ खारेज भएपछि मनाङे जेल चलान भए ।
तर मनाङेले जेलबाटै आफूले दरपिठको मौका नपाएको, पुनरावेदन गर्न नपाएको र आफ्नो ठेगानामा कुनै पत्र नआएको भन्दै दरपिठविरुद्ध नै सर्वोच्चमा रिट दायर गरे ।
सर्वोच्च अदालतका न्यायाधीशद्वय शारदाप्रसाद घिमिरे र बम बहादुर श्रेष्ठको संयुक्त इजलासले मंसिर २८ गते दरपिठ खारेजको निर्णय उल्टाउँदै मनाङेलाई पुनरावेदन गर्न मौका दिने गरी थुनामुक्त गर्न आदेश दियो ।
मुलुकी ऐनको नयाँ व्यवस्थाले १० वर्षभन्दा कम सजाय हुने मुद्दामा थुनाबाहिर रहेरै मुद्दा लड्न पाउने व्यवस्था गरेकाले सर्वोच्चले मनाङेलाई थुना बाहिरै बसेर मुद्दा लड्न पाउने गरी थुनामुक्त गर्ने आदेश दिएको थियो ।
सर्वोच्च अदालतले पुस ६ गते कारागार कार्यालय डिल्लीबजारलाई पत्र लेखी थुनामुक्त गर्न आदेश दिएपछि मनाङे शुक्रबार थुनामुक्त भएका थिए ।
सर्वोच्चले फैसला सदर गरेपछि गण्डकी प्रदेशका सभामुख कृष्ण धितालले कानून व्यवसायीसँग परामर्श गर्ने प्रतिकृया दिएका छन् । पत्रकारसँगको कुराकानीमा उनले अदालतको फैसलाका विषयमा ध्यान दिँदै अब निलम्बन लगायतमा कानुनविदसँग परामर्श गर्ने सभामुख धितालको भनाई छ ।

# अध्यक्ष ढकाललाई इन्डोनेसिया सरकारको सम्मान



**काठमाडौँ ।**
नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष तथा नेपालका लागि गणतन्त्र इन्डोनेसियाका अवैतनिक वाणिज्यदूत चन्द्रप्रसाद ढकाल इन्डोनेसिया सरकारबाट सम्मानित भएका छन् ।

नेपाल र गणतन्त्र इन्डोनेसियाबीच द्विपक्षीय सम्बन्धलाई सुदृढ बनाउन अध्यक्ष ढकालले निर्वाह गर्नुभएको भूमिकाको कदर गर्दै इन्डोनेसिया सरकारले उनलाई विशिष्ट अवार्ड ‘करका बुवाना अवार्ड’ बाट सम्मानित गरेको हो ।

इन्डोनेसियाको परराष्ट मन्त्रालयद्वारा प्रदान गरिएको सो अवार्ड इन्डोनेसियासँगको सम्बन्धमा उल्लेख्य भूमिका निर्वाह गर्ने विदेशी विशिष्ट व्यक्तित्वलाई प्रदान गर्ने गरिएको मन्त्रालयले जनाएको छ ।

इन्डोनेसियाली परराष्ट्रमन्त्रीका तर्फबाट नेपालका लागि इन्डोनेसियाली राजदूत हेरु एच सुवोलोले ढकाललाई काठमाडौँमा मंगलबार आयोजित एक कार्यक्रममा सम्मान हस्तान्तरण गरेका हुन् ।

सम्मानले नेपाल र इन्डोनेसियाबिच पर्यटन प्रबद्र्घन, सांस्कृतिक आदानप्रदान र दुई देशबीचको आर्थिक सम्बन्ध प्रबद्र्घन गर्न ढकालले गरेका प्रयासलाई उजागर गरेको छ । समारोहमा राजदूत सुवोलोले ढकालको प्रयासले दुई देशबिचको सम्बन्ध सुदृढ हुनुका साथै दुबै देशलाई आर्थिक, सांस्कृतिक र कूटनीतिक सहकार्य विस्तारमा फाइदा पुगेको बताए ।

ढकालले सम्मानका लागि इन्डोनेसियाली सरकारलाई आभार व्यक्त गर्दै यस पुरस्कारले आफूलाई नेपाल र इन्डोनेसियाबिच आपसी सहकार्य, विकास र समृद्धिको लागि काम गर्न थप प्रेरणा मिलेको बताए ।

नेपाल र इन्डोनेसियाबिच हालै द्विपक्षीय परामर्श संयन्त्र तथा दुई देशका सरकारी अधिकारीहरूलाई ‘भिषा फ्रि’ सम्झौता भएकोमा दुवै देशका सरकारलाई धन्यवाद दिदैँ ढकालले ती सम्झौताले दुई राष्ट्रबीचको कूटनीतिक सम्बन्धलाई सुदृढ गर्ने, दुई देशबीच हुने सरकारी भ्रमणलाई सहज बनाउनुका साथै आर्थिक तथा क्षेत्रीय सहयोगलाई आधार तयार गर्ने विश्वास व्यक्त गरे ।

यस अघि पनि सन् २०१५ को भूकम्पको समयमा उद्धार तथा राहत प्रयासमा गरेको योगदानको कदरस्वरुप इन्डोनेसिया सरकारले ढकाललाई सम्मान गरेको थियो । ढकाल सन् २०१० देखि नेपालका लागि गणतन्त्र इन्डोनेसियाका अवैतनिक वाणिज्यदूत हुन् । रासस

# ‘स्वास्थ्य बिमा सेवा प्रदायकहरुको अनुगमनमा छौँ’



**काठमाडौँ ।**
स्वास्थ्य बिमा बोर्डका कार्यकारी निर्देशक डा.दामोदर बसौलाले स्वास्थ्य बिमा सेवा प्रदायक संस्थाहरूको नियमित अनुगमन गरिएको बताएका छन् ।

आगामी मङ्सिर २५ गते आफ्नो चार वर्षे कार्यकाल पूरा हुनलागेको सन्दर्भमा मंगलबार आयोजित प्रगति विवरण सार्वजनिकीकरण तथा अन्तरक्रिया कार्यक्रममा उनले आफ्नो कार्यकालमा स्वास्थ्य बिमा राष्ट्रिय परिचयपत्रमार्फत अनलाइन बिमा दर्ता तथा नवीकरण गर्नसक्ने व्यवस्था लागू गर्न सम्झौता गरिएको बताए ।

कार्यकारी निर्देशक डा.बसौलाले स्वास्थ्य बिमा कार्यक्रमलाई सफल बनाउन सबैको साथ र सहयोगको आवश्यकता रहेको बताए । उनले बिमा दाबी भुक्तानीमा समस्या भए पनि ऐन तथा कार्यविधि मै रहेर भुक्तानी गरिने बताउँदै हालको तीन महिनाको अन्तरमा भुक्तानी भइरहेको जानकारी दिए ।

स्वास्थ्य बिमालाई दिगो बनाउन गरिब तथा विपन्न परिवारको योगदान रकम सरकारले बेहोरीदिने प्रयोजनका लागि गरिब परिवार परिचयपत्र यथाशीघ्र वितरण गर्ने, सूचना प्रविधिलाई स्तरोन्नति गरी ‘आर्टिफिसियल इन्टेलिजेन्स’ (एआइ) का माध्यमबाट सञ्चालन गर्नुपर्ने, स्वास्थ्य बिमाको दायरालाई फराकिलो बनाउनुपर्ने, बिमामा आबद्ध नभइ सरकारबाट उपलब्ध गराइने कुनै पनि निःशुल्क स्वास्थ्य सेवा उपलब्ध नगराउने गरी निःशुल्क स्वास्थ्य सेवालाई बिमासँग आबद्ध गर्ने सुझाव दिए । ‘यो कार्यक्रम गरिब तथा विपन्न नागरिकको उपचार गर्ने निकै सहयोगी बनेको छ । हामी अहिले बिमा कार्यक्रमको सुरुआती चरणमा छौँ । विकसित देशहरूमा स्मार्ट कार्डबाट सेवा लिन पाइन्छ, हाम्रोमा पनि भविष्यमा त्यो लागू हुन्छ होला’, कार्यकारी निर्देशक डा. बसौलाले भने ।

विसं २०७२ मा सामाजिक स्वास्थ्य सुरक्षाका रूपमा सुरुवात भएको यो कार्यक्रममा जनसंख्या अनुसार ३० प्रतिशत आबद्ध भएका छन् भने नवीकरण दर ७९ प्रतिशत रहेको छ । रासस

# विदेशी पर्यटकको संख्यामा पुनरुत्थान

**काठमाडौँ ।**
सन् २०२४ को १० महिनामा नौ लाख ४० हजार सात सय ३२ विदेशी पर्यटक आएका छन् । नेपाल पर्यटन बोर्डको तथ्यांक अनुसार अक्टोबरमा कूल एक लाख २४ हजार तीन सय ९३ विदेशी पर्यटक आए । यो संख्या अघिल्लो वर्षको सोही अवधिको तुलनामा छ दशमलव चार प्रतिशतले बढी हो ।

सन् २०२३ को अक्टोबरमा एक लाख १७ हजार तीन सय छ पर्यटक आएका थिए । कोभिड–१९ (कोरोना महामारी) पूर्व अर्थात सन् २०१९ को तुलनामा ९२ दशमलव ९६ प्रतिशतले पर्यटकको सङ्ख्यामा पुनरुत्थान भएको बोर्डले जनाएको छ । सन् २०१९ को अक्टोबरमा एक लाख ३४ हजार ९६ विदेशी पर्यटक आएका थिए ।

बोर्डका निर्देशक मणिराज लामिछानेका अनुसार समग्रमा विदेशी पर्यटक आगमन सन्तोषजनक छ । ‘समग्रमा पर्यटक आगमन सकारात्मक देखिन्छ । अक्टोबरमा आशातित पर्यटक आउन सकेनन्, किनकी महिनाको सुरुआतमै अविरल वर्षाले विपद्जन्य घटना भयो । अबको दुई महिनामा पर्यटक बढ्ने अनुमान गर्न सकिन्छ ।’

भारतीय र चिनियाँ घटे

बोर्डको विश्लेषणमा अगष्ट, सेप्टेम्बार र अक्टोबरमा भारतबाट आउने पर्यटक घटेका छन् । पछिल्ला दुई महिनामा चीनबाट आउने पर्यटक पनि घटे । अक्टोबरमा भारतबाट १६ हजार तीन सय १३ पर्यटक आएका छन् । गत सेप्टेम्बरमा भारतबाट २२ हजार नौ सय ८४ पर्यटक आएका थिए । यो करिब १३ प्रतिशत गिरावट हो ।

अगस्टमा २५ हजार आठ सय ३२ भारतीय पर्यटक आएका थिए । अक्टोबरमा चीनबाट आएका सात हजार सात सय ५० पर्यटकले नेपाल भ्रमण गरेका छन् । सेप्टेम्बरमा आठ हजार ४२ र अगस्टमा चीनबाट छ हजार छ सय १४ चिनियाँ पर्यटक आएका थिए । मनसुनका कारण भारतीय र चिनियाँ पर्यटक घटेको अनुमान गरिएको छ ।

**अमेरिकी पर्यटक बढे**

अक्टोबरमा अमेरिकाबाट आउने पर्यटकको सङ्ख्या अघिल्लो महिनाको तुलनामा १२ दशमलव ८८ प्रतिशतले बढेर कूल १६ हजार २३ पुगेको छ । सेप्टेम्बरमा १० हजार ८४ अमेरिकी पर्यटक भित्रिएका थिए । बेलायतबाट आठ हजार १९ पर्यटक नेपाल भित्रिएका छन् ।

अष्ट्रेलियाबाट छ हजार नौ सय २९, जर्मनीबाट छ हजार १८ र फ्रान्सबाट पाँच हजार चार सय ८५ पर्यटक आएका छन । बङ्गलादेशबाट चार हजार चार सय ७६, श्रीलङ्काबाट तीन हजार एक सय १२ र इटालीबाट दुई हजार छ सय ३५ पर्यटक आएका छन् ।

मार्चमा सबैभन्दा बढी एक लाख २८ हजार एकसय ६७ पर्यटक आएका छन् भने सबैभन्दा कम जुलाईमा ६४ हजार पाँच सय ९९ पर्यटकले नेपाल भ्रमण गरेका छन् । अक्टोबरमा एक लाख २४ हजार तीन सय ९३ अप्रिलमा एक लाख ११ हजार तीन हजार ७६ पर्यटक आए । सेप्टेम्बरमा ९६ हजार तीन सय पाँच, जनवरीमा ७९ हजार एक सय, फेब्रअरीमा ९७ हजार चार सय २६, मेमा ९० हजार दुई सय ११, जुनमा ७६ हजार सात सय ३६ र अगस्टमा ७२ हजार सात सय १९ पर्यटक नेपाल आएका छन् । रासस

# तिहार बिदापछिको नेप्से परिसूचक यस्तो !

**काठमाडौँ ।**
दीपावलीको सार्वजनिक बिदापछि मंगलबार खुलेको धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक झिनो अंकले घट्यो । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक शून्य दशमलव २१ अंकले ओरालो लागेर दुई हजार छ सय ७७ दशमलव ४० मा सीमित भएको हो ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ८२ अंकले ओरालो लागेर चार सय ७७ दशमलव ९९ मा सीमित भयो । कारोबार भएका १३ उपसमूहमध्ये सात उपसमूहको शेयर मूल्य उकालो लाग्दा छ उपसमूहको भने ओरालो लाग्यो । कूल ९७ लाख १३ हजार सात सय ३० कित्ता शेयर चार अर्ब २० करोड ५५ लाख पाँच हजार दुई सय ३७ रुपैयाँमा कारोबार भयो ।

नेप्सेका अनुसार,सुपर माई हाइड्रोपावरको शेयरमूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । समाज लघुवित्त नौ दशमलव ९५, युनाइटेड मोदी हाइड्रोपावर नौ दशमलव ५१, गुराँस लघुवित्त नौ दशमलव ३२ र रसुवागढी हाइड्रोपावरका लगानीकर्ताले आठ दशमलव ७५ प्रतिशतले कमाएका छन् । त्यसैगरी, मिड सोलु हाइड्रोपावर १०, अप्पर स्याङ्गे हाइड्रोपावर आठ दशमलव ९४, सामलिङ पावर कम्पनी छ दशमलव ४९, एक्सेल डेभलपमेन्ट बैङ्क पाँच दशमलव ९७ र एनआइसी एसिया फ्लेक्सी फन्डका लगानीकर्ताले पाँच दशमलव ९१ प्रतिशतले गुमाएका छन् । रासस

# अमेरिकामा राष्ट्रपति छान्न मतदान

**वासिङ्टन ।**
अमेरिकाको वासिङ्टन डिसीमा राष्ट्रपति निर्वाचनका लागि मतदान भएको छ । मार्टिन लुथर किंग लाइब्रेरीमा रहेको मतदान केन्द्र बाहिर बिहानबाट मानिसहरु लाइनमा बसेका थिए ।

यस पटकको चुनावलाई अमेरिकी इतिहासमा सबैभन्दा टक्करको चुनाव मानिएको छ । भोटिङको पूर्वसन्ध्यासम्म डेमोक्र्याटिक पार्टीकी कमला ह्यारिसले पेन्सिल्भेनियामा र रिपब्लिकन पार्टीका डोनाल्ड ट्रम्पले पेन्सिल्भेनिया, मिसिगन र नर्थ क्यारोलिनामा जनतालाई भोट दिन अपील गरिरहेका थिए ।

निर्वाचनको नतिजा ६ नोभेम्बरमा आउने बताइएको छ । यसँगै संसारका शक्तिशाली व्यक्तिको टुंगो लाग्नेछ । संसारकै शक्तिशाली यस अर्थमा, संयुक्त राष्ट्रसंघका अनुसार १९५ देश विश्वमा छन् । जसमा १९३ मा देश राष्ट्रसंघका सदस्य छन् । यीमध्ये १८० देशले आफ्नो मुद्रा चलाउँछन्, त्यसैले यी सबै देशको रिजर्भ मुद्रा हो भनेको अमेरिकन डलर हो । अहिलेसम्मका लागि अमेरिकन डलर संसारकै सबैभन्दा ठूलो मुद्रा हो । अर्कातिर अमेरिका संसारकै सबैभन्दा ठूलो अर्थव्यवस्था भएको देश हो । अहिले उसलाई चीनले पछ्याइरहेको छ ।

अर्कातिर अमेरिकासँग संसारकै शक्तिशाली परमाणु बम पनि छ । अमेरिकाका विश्वभर सैनिक क्याम्प फैलिएका छन् । त्यहीकारण यस पदमा बस्ने व्यक्ति शक्तिशाली हुन्छन् । अमेरिकामा राष्ट्रपतिको चुनावमा करिब डेढ वर्षदेखि चल्ने एक लामो प्रक्रिया रहेको छ ।

अमेरिकामा सबैभन्दा पहिले दुई दलले आफ्ना उम्मेदवार चुन्नु पर्छ । जसका लागि दुई चुनावी विधि छन् । पहिलो प्राइमरी र दोस्रो ककस निर्वाचन विधि ।

अमेरिकी राष्ट्रपतिका लागि एउटा पार्टीमा कयौँ दाबेदार हुन्छन् । पार्टीले आफ्नो उम्मेदवार छान्न पहिले प्राइमरी चुनाव गराउँछन् । यो विधिमार्फत प्राय हरकेजसो राज्यमा चुनाव हुन्छ । केहीमा भोटिङ हुन्छ भने केहीमा डिबेट (बहस) बाट पनि उम्मेदवार चयनको प्रक्रिया चलाइन्छ ।

केही राज्यमा प्राइमरी चुनाव खुला हुन्छ । तर केहीमा पार्टीका सदस्यहरुबीच मात्रै मतदान गराइन्छ । पार्टीका सदस्यहरू मात्रै सहभागी हुने विधि जसलाई क्लोज प्राइमरी चुनाव पनि भनिन्छ ।

दोस्रो विधि भनेको ककस हो । जसमार्फत हुने चुनावमा पार्टीका सदस्यमात्रै तोकिएको सार्वजनिक स्थानमा भेला भएर मत हाल्छन् । पार्टीका सदस्यहरूले यस क्रममा आफूलाई मन परेको नेतालाई मत दिन्छन् । जसको पक्षमा धेरै मत जान्छ ऊ उम्मेदवार चुनिन्छ । कहीँ कहीँ चुनावमा नगएर सर्वसम्मत निर्णय पनि हुन्छ ।

यी दुवै प्रक्रिया राजनीतिक दलहरुले आन्तरिक रुपमा गर्छन् । यी आन्तरिक चुनावबाट उम्मेदवारहरूले पार्टीको समर्थन लिन्छन् ।

प्राइमरी र ककस चुनावी प्रक्रिया सकिएपछि ‘नेशनल कन्भेन्सन प्राइमरी’मा लगिन्छ । माथिका दुवै विधि सकिएपछि दलहरूले ‘नेशनल कन्भेन्सन’ गर्छन् । जुन बहसका लागि पार्टीका सबै समर्थक र ठूला नेता पनि सहभागी हुन्छन् । जसमा पार्टीका प्रतिनिधि अर्थात् डेलिगेट्सको समर्थनका आधारमा आधिकारिक रुपमा आफ्नो उम्मेदवार घोषणा गरिन्छ ।

# अफगानिस्तानमा दादुराका केसहरू बढ्दो

**काबुल ।**
अफगानिस्तानमा सन् २०२४ मा दादुराका केसहरू बढ्दै गएको छ । अफगानिस्तानमा छ हजार केस पत्ता लागेका देशको जनस्वास्थ्य मन्त्रालयले जनाएको छ । ‘सन् २०२४ मा १० हजार शङ्कास्पद दादुराका घटनामध्ये लगभग छ हजार मानिसमा दादुरा देखा परेको छ । यो सन् २०२३ को तुलनामा वृद्धि भएको हो’, मन्त्रालयका प्रवक्ता शराफत जमान अमरखिलले भने ।

रोगको प्रकोप रोक्न मन्त्रालयले देशभर दादुरा खोप अभियान सञ्चालन गर्ने योजना बनाएको अमरखिलले जानकारी दिए । दादुराबाट बच्ने सबैभन्दा प्रभावकारी उपाय खोप हो । दादुरा भाइरसबाट लाग्ने अत्यन्तै सङ्क्रामक रोग हो । सङ्क्रमित व्यक्तिले सास फेर्दा, खोक्दा वा हाच्छिउँ गर्दा यो सजिलै फैलिन्छ ।

दादुराबाट सङ्क्रमित व्यक्तिले आफूसँग नजिकको सम्पर्कमा आएका १० जनामध्ये खोप नदिइएका नौ जनालाई सङ्क्रमण गर्न सक्छ । रासस

# कर्णालीसँग बागमतीको हार



**विराटनगर ।**
विराटनगरमा जारी नरेश श्रेष्ठ स्मृति यु–१९ राष्ट्रिय क्रिकेट प्रतियोगिताको मंगलबारको आफ्नो अन्तिम खेलमा कर्णाली प्रदेशले मंगलबार बागमती प्रदेशविरुद्ध २० रनको जित निकालेको छ ।

लगतार दोस्रो जितसँगै कर्णालीले ६ खेलबाट चार अंक जोड्दै छौटौँ स्थानमा रहेर प्रतियोगिताको अन्त्य गरेको छ । पराजित बागमती समान खेलबाट चार अंकका साथ पाँचौँ स्थानमा रह्यो । कर्णालीले प्रस्तुत गरेको ७६ रनको लक्ष्य पछाएको बागमती १८.३ ओभरमा ५५ रनमै समेटियो ।बागमतीका लागि रोहन विश्वकर्मा १३ र कप्तान उत्तम मगरले १० रन बनाउनु बाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् ।

कर्णालीका लागि विपिन शर्मा तथा अनुज चनारा र युनिश ठाकुरले समान तीन विकेट लिए । त्यसअघि टस जितेर ब्याटिङ रोजेकशो कर्णालीले २०.५ ओभरमा सबै विकेट गुमाउँदै ७५ रनका योगफल तयार पारेको थियो ।कर्णालीको लागि विजय बोहराले १६, कमल बिष्टले १५ र कप्तान मनिष थापाले ११ रन बनाए ।बागमतीका लागि दिनेश बिष्टले ३.५ ओभरमा दुई मेडनसहित मात्र ६ रन खर्चिएर पाँच विकेट लिए । यसैगरी दयानन्द मण्डलले तीन तथा दीपक सेराललले दुई विकेट लिए ।

यसैगरी गिरिजाप्रसाद कोइराला क्रिकेट मैदानमा मंगलबारै सम्पन्न खेलमा मधेशले लुम्बिनी प्रदेशविरुद्ध एक विकेटको रोमाञ्चक जित निकालेको छ ।

# छठ पर्व – समाज चिनाउने खुला सङ्ग्रहालय

**अजयकुमार साह**

**धनुषा ।**



***केरवा ज फरल घउरस वोपर सुगा मडराय ।***
***मारबौ रे सुगवा धनुषस सुगा गिरे मुरझाय ॥***

अर्थात् छठ मातालाई चढाउने फलफूल जुठो हुनु हुँदैन । छठ मातालाई चढाउने केरा सुगाले नखाऊन् भनेर गीतबाटै सचेत गराउन खोजिएको हो । अहिले जनकपुरधामसहित सम्पूर्ण तराई मधेशको सहर बजारमा यस्ता लोकगीतको सुमधुर स्वर गुञ्जिएको सुनिन्छ । चार दिवसीय छठ पर्वको कात्तिक २० गतेदेखि विधिवत् शुभारम्भ हुँदैछ ।

छठको व्रतमा कुन देवी–देवताहरुको पूजा गरिन्छ भन्ने कुरा धेरैलाई थाहा नहुन सक्छ । छठ पूजाको व्रतमा सूर्य देवताको पूजाआराधना गरिन्छ, जुन प्रत्यक्ष देखिन्छ र समस्त प्राणीहरुको जीवनको आधार पनि हो । सूर्यको साथै षष्ठी देवी अथवा छठ माताको पनि पूजा गरिन्छ । पौराणिक मान्यताअनुसार षष्ठी माताले सन्तानको रक्षा गर्नुको साथै उनीहरुलाई स्वास्थ्य र दीघार्यु बनाउँछिन् । यस अवसरमा सूयदेवका श्रीमतीहरु उषा र प्रत्युषालाई पनि अघ्र्य दिएर प्रसन्न बनाइन्छ । छठ व्रतमा सूर्यदेव र षष्ठी देवी दुवैको पूजासँगसँगै गरिन्छ ।

यस पर्वमा पूजा गरिने प्रमुख छ देवी–देवताहरुमा सूर्यको पूजा सबैभन्दा पहिला गर्ने विधान रहेको छ । पञ्चदेवमा गणेश, दुर्गा, शिव, विष्णुका साथमा सूर्य पनि पर्छन् । भगवान् सूर्यले सबैलाई उपकार गर्ने, अत्यन्त दयालु छन् । उनले आफ्ना भक्तहरुलाई आयु, आरोग्य, धन–धान्य, सन्तान, तेज, कान्ति, यश, वैभव र सौभाग्य प्रदान गर्छन् । उनले सबैलाई चेतना पनि प्रदान गर्छन् । सूर्यको पूजा गर्दा उनलाई जलको अघ्र्य दिइन्छ । पवित्र नदीहरुको जलले सूर्यलाई अघ्र्य दिने र नुहाउनुको विशेष महत्व रहेको छ । वास्तवमा यो पूजा कुनै पनि सफा स्थानमा गर्न सकिन्छ ।

सूर्यको उपासना गर्नाले मनुष्यलाई सम्पूर्ण रोगबाट छुटकारा प्राप्त हुन्छ । जसले सूर्यको उपासना गर्छ, ऊ दरिद्र, दुःखी, शोकग्रस्त र अन्धो हुँदैन । सूर्यलाई ब्रह्माको तेज पनि भनिन्छ । सूर्यले धर्म, अर्थ, काम र मोक्ष यी चार पुरुषार्थ प्रदान गर्नाको साथै सम्पूर्ण संसारको रक्षा पनि गर्छन् । श्रीकृष्णका पुत्र साम्बलाई



कुष्ठरोग लागेको थियो । त्यस समयमा उनले सूर्यको उपासना गरेर यो रोगबाट मुक्ति पाएका थिए । सूर्यको पूजा वैदिककालभन्दा पनि पहिलेबाट भएको थियो ।

शास्त्रमा भगवान् सूर्यलाई गुरु पनि भनिन्छ । पवनपुत्र हनुमानले सूर्यसँग नै शिक्षा प्राप्त गरेका थिए । श्रीरामले आदित्य हृदयस्तोत्रको पाठ गरेर सूर्य देवतालाई प्रसन्न गरेपछि मात्र रावणलाई अन्तिम बाण हानेका थिए र विजय भएका थिए । सूर्यले सबै प्राणीलाई समान रुपले कृपा गर्छन् । उनले कुनै किसिमको भेदभाव गर्दैनन् । यो पूजामा वर्ण अथवा जातिको आधारमा भेद छैन । यो पूजाप्रति समाजको हरेक वर्ग र जातिमा गहिरो श्रद्धा देखिन्छ । सबै मिलेर सँगसँगै यो पूजामा सहभागी हुन्छन् । हरेक जाति अथवा धर्मका मानिसले यो पूजा गर्न सक्छन् ।

कात्तिक शुक्ल चतुर्थीबाट छठको व्रतको थालनी हुन्छ । यो दिन व्रत गर्ने व्यक्ति र घरका सबै परिवारले दाल, चामल र लौकाले बनेको व्यञ्जन प्रसादका रुपमा ग्रहण गर्छन् । वास्तवमा यो तीन दिनसम्म छठ पूजाका लागि शारीरिक र मानसिक तयारी हो । कात्तिक महिनाबाहेक यो पूजा–व्रत चैत्र शुक्ल पक्ष चतुर्थीदेखि सप्तमीसम्म पनि गरिन्छ । त्यसलाई सामान्य बोलीचालीको भाषामा चैती छठ भनिन्छ ।

सूर्यसँग त सबै परिचित नै छन, तर छठ कुन देवी हुन् भन्ने पनि धेरैको मनमा कौतुहलता हुन सक्छ । सृष्टिको अधिष्ठात्री प्रकृति देवीको एउटा प्रमुख अंशलाई देवसेना भनिन्छ । प्रकृतिको छैटौँ अंश भएका कारण यी देवीको नाम षष्ठी रहन गयो । षष्ठी देवीलाई ब्रह्माको मानसपुत्री पनि भनिन्छ । पुराणहरुमा यी देवीको एउटा नाम काल्यायनी पनि हो । यी देवीको पूजा नवरात्रिमा षष्ठी तिथिमा गरिन्छ । षष्ठी देवीलाई नै स्थानीय बोलीका आधारमा छठ माता भनिएको हो । यसले निःसन्तानहरुलाई सन्तान दिन्छिन् र सबै बालबालिकाको रक्षा पनि गर्छिन् ।

छठ माताको पूजाको सुरुआत कसरी भयो र यसको पुराण कथा कस्तो छभने प्रथम मनु स्वायम्भुवका पुत्र राजा प्रियव्रतका कुनै सन्तान थिएनन् । यसले उनी निकै दुःखी थिए । महर्षि कश्यपले राजालाई पुत्रेष्टि यज्ञ गर्ने सल्लाह दिए । राजाले यज्ञ गराए, यज्ञपछि महारानी मालिनीले एउटा पुत्रलाई जन्म दिइन् । तर दुर्भाग्य त्यो शिशु मृत जन्मेका थिए । राजाको दुःख देखेर एउटा दिव्य देवी प्रकट भइन् । उनले ती मृत बालकलाई जीवित गरिदिइन् । देवीको त्यस्तो कृपाले राजा धेरै खुसी भएर उनले षष्ठी देवीको स्तुति गरे । यही समयदेखि छठ माताको पूजाको सुरुआत भएको जनविश्वास छ ।

यो पूजामा केही मानिस जमिनमा बारम्बार सुतेर, कष्ट सहँदै नदीको किनारमा जान्छन् । सामान्य बोलीचालीको भाषामा यसलाई कष्टी देना भनिन्छ । प्रायः त्यस्तो त्यही समयमा हुन्छ, जब कसैले कुनै भाकल गरेको हुन्छ ।

### सत्य र अहिंसाको चाड

सत्य र अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्ने तराईवासीको महान् चाड हो, छठ पर्व । तराईका सबै जातजातिले साझा रुपमा मनाउने यस पर्वको विशेषता हो । समाजशास्त्री नागेन्द्र दुबेले भन्नुहुन्छ, “सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यही एक यस्तो पर्व हो जसमा अस्ताउँदो र उदाउँदो सूर्यलाई पूजा गरिन्छ । यस पर्वमा चाहिने भाँडाकुँडा वस्तुजातको बन्दोबस्त तराईमा एक महिना अगाडिदेखि नै गर्न थालिन्छ । छठ पूजाका लागि अहिले जनकपुरसहित सारा मिथिलाञ्चल बेहुली झैँ सिँगारिएको छ ।

श्रद्धालुहरूले जनकपुरको इतिहासमा वर्णित सरोवर गङ्गासागर, धनुषसागर, रामसागर, रत्नसागर, विहारकुण्ड, रूकमिणी सरोवर, अरगजा, महाराजसागर र अग्नि कुण्डलगायत कुण्ड, पोखरी, तलाउमा छठ पर्व मनाउने गर्छन् । तिहारको रौनक नसक्दै यहाँ पवित्र छठ पर्वको तयारीको चटारो लाग्ने गर्दछ । चोक चौराहादेखि घरघरबाट छठ गीतको धूनले पूरै सहरमा छठको रौनक छाउन थालेको छ । आराध्यदेव सूर्यको उपासना गरिने छठ पर्व निकै उत्साह र भक्तिभावका साथ मनाइन्छ । घरदेखि टाढा रोजगारी वा उच्च शिक्षा अध्ययनका लागि गएका परिवारका सदस्यहरूसमेत घरआँगनमा छठको रौनक सम्झिएर घर फर्किंदैछन् ।

छठ पर्व प्रकृतिप्रति कृतज्ञता व्यक्त गर्ने पर्व पनि हो । यो पर्वमा सूर्यलाई साक्षी राखेर खुला आकाशमुनि किसानले वर्षभरि मिहिनेत गरेर उब्जाएको अन्नबाली सूर्यदेवलाई अर्पण गर्दै उनीप्रतिको अगाध आस्था प्रकट गरिन्छ । पारिवारिक सुख, शान्ति, कल्याण, रोगबाट मुक्ति तथा मनोकामना पूरा गर्न सूर्यको उपासना गरी यो पर्व मनाइन्छ । यो पूजामा जातीय आधारमा कहीँ–कुनै भेदभाव छैन । समाजमा सबैलाई समान दर्जा दिइएको छ । सूर्य देवतालाई बाँसबाट बनेको सूप र डालोमा राखेर प्रसाद अर्पित गरिन्छ । ती कुराहरु सामाजिक रुपले अत्यन्त पिछडिएका जातिहरुबाट निर्मित हुन्छन् । त्यसले सामाजिक सन्देश कस्तो दिएको छ भन्ने कुरा प्रस्ट हुन्छ ।

अहिले तराई मधेशमा हाटबजार, सडक र गल्लीहरू छठ पूजाका लागि आवश्यक पर्ने पूजा सामग्री, माटोबाट बनाइएको कलश, दियो, हात्ती, बाँसको चोयाबाट बुनिएको परम्परागत भाँडाकुँडा नाङ्लो, दाउरा, सुपली, छैँटी, ढकनीबाट सजिएका छन् । उखु, केराउ, अदुवा, केरा, मूलालगायत कृषि उपजका साथै सक्खर मिसाएर बनाइएको गुलियो खिर, गहुँको पीठोबाट बनाइएको परम्परागत बुट्टे ठेकुवा, चिनीको चास्नीबाट बनाइएको बतासाले भान्छा, भूमिसँग जोडिएको जनजीविका र जनस्वास्थ्यको त्रिकोणात्मक सम्बन्धलाई झल्काइरहेको हुन्छ ।

सडक छेउमा लगाइएका बजारले तराईको संस्कृति, कृषि र विविधताले भरिपूर्ण यहाँको समाजबारे अध्ययन गर्ने खुल्ला सङ्ग्रहालयकै काम गरिरहेको प्रतीत हुन्छ । छठ पर्वका लागि माटाको भाँडाकुँडा कुम्हालेले बनाउँछन् भने बाँसको चोयाका भाँडाकुँडा दलित समुदायको डोम जातिले बुन्छन् । डोम समुदायले बुनेको बाँसको नाङ्लो, डगरा, सुपलि, छैटी, बेना (हाते पङ्खा) छठ पर्वका लागि नभई नहुने हस्तकला सामग्री हुन् ।

### पहाडी समुदायको आकर्षण पनि बढ्दो

केही वर्षअघिसम्म तराई मधेश क्षेत्रमा मात्रै मनाइने यो पर्वले विस्तारै राष्ट्रिय पर्वका रुपमा विस्तार हुँदैछ । छठ पर्वमा जात, धर्म, क्षेत्रीयतालाई ओझेलमा पार्ने गरी फरकफरक समुदायका अनुहारहरू जलाशयमा डुबुल्की लगाउँदै सूर्यदेवको उपासना गरिरहेको हुन्छ । मूलपुरमा मधेशी समुदायको मुख्य पर्वका रुपमा मानिँदै आएको यो पर्व मनाउनेको भीडमा सिउँदोदेखि नाकको टुप्पासमेत ढाकिने गरी सिन्दूर लगाएर साडीको आँचलले शिर छोपेर आराधनामा व्यस्त पहाडी समुदायका गृहणी उल्लेख्य रुपमा देख्न थालिएको छ । नदी, पोखरी, जलाशयमा व्रतालुहरुको ठूलो भीड लाग्ने हुँदा अशक्त, वृद्धाहरुले घरमा नै छठको पूजा गर्ने गर्दछन् । घरको आँगन र छतमा पनि छठको पूजा र व्रत बस्ने गर्छन् ।



रोजगारी र अध्ययनका लागि काठमाडौँमा रहेका मानिस दसैँतिहार मनाएर फर्किएपछि तराई मूलका व्यापारी, कर्मचारी, मजदुर, विद्यार्थी घरतर्फको यात्रा गर्ने हतारोमा हुन्छन् । समाजिक अभियन्ता बैजनाथ चौधरी भन्नुहन्छ, “सामाजिक विविधताले भरिएको समाजको चक्रलाई एउटा समुदायले अर्को समुदायलाई जिम्मेवारी हस्तान्तरण गर्दै आ–आफ्ना पर्वहरुम रमाएका हुन्छन् ।” तराईवासी मधेशी समुदायको मुख्य पर्वका रुपमा रहेको छठ अहिले पहाडी समुदाय मात्र नभई मुस्लिम धर्मावलम्बीहरुले समेत आस्था र भक्तिपूर्वक मनाउने गरेको देखिन्छ ।

यस पर्वको अर्को विशेषता भनेको सबै जातजाति, ठूलासाना, धनी, गरिब सबै एकै ठाउँमा जम्मा भएर पूजाअर्चना गर्नु पनि हो । वर्षौंसम्म भेटघाट नभएकाहरू बोलचाल नभएकाहरूसँग पनि भेटघाट तथा वार्तालाप हुने अवसर यस पर्वले दिएको हुन्छ । छठ पूजा जो कोहीले पनि गर्न सक्छ । यो पूजाका लागि महिला–पुरुष भन्ने हुँदैन । तर महिलाहरु सन्तानको कामना अथवा सन्तानको स्वास्थ र उनीहरुको दीघार्युका लागि समस्त विधि पूरा गर्दै पूर्ण श्रद्धाका साथ छठ पूजा गर्छन् ।

**यस्तो छ चार दिवसीय छठ पर्वको विधिः**

**पहिलो दिन–‘अरबा–अरबाइन’:** चार दिवसीय छठ पर्वको पहिलो दिन अर्थात् चतुर्थीका दिनलाई ‘अरबा–अरबाइन’ वा नहाए खाय भनिन्छ । यो दिनमा व्रतालुहरूले खोला, नाला, नदी, पोखरी र तलाउलगायतका जलाशयमा गई नुहाइधुवाइ गरेर शुद्ध भई चोखो खाना खाने गर्छन् । व्रतालुले भोजनमा माछामासु, लसुन, प्याज र कोदो जस्तो वस्तु परित्याग गरी यसै दिनदेखि व्रत बस्न थाल्छन् । यो दिनलाई व्रतालुहरूले आँखा पनि भन्ने गर्छन् ।

**दोस्रो दिन– ‘खरना’:** पञ्चमी तिथिलाई ‘खरना’ (संरक्षण अर्थात् पापको क्षय) भनिन्छ । खरना छठ पर्वको अघिल्लो दिन भएकाले यो दिन व्रतालुहरू दिनभरि निर्जला व्रत बस्छन् । साँझपख नुहाएर चोखो हुन्छन् । आफ्नो कुलदेवता स्थापना गरेको पूजाकोठामा नयाँ चुलो स्थापना गरी प्रसाद बनाउने गरिन्छ । प्रसादका रुपमा विशेषगरी पाकेको केरा र खीरलाई लिने गरिन्छ । त्यसपछि गाईको गोबरले लिपपोत गरी अरबा चामलको पीठोबाट तयार पारिएको झोलले भूमि सुशोभित गरिन्छ । व्रतालुले राति चन्द्रोदयपछि चन्द्रमालाई पायस (खीर) चढाई सोही प्रसाद ग्रहण गर्छन् । यस दिनपछि व्रतीले पूर्ण व्रत लिनुपर्दछ ।

**तेस्रो दिन–‘सझिया घाट’:** षष्ठीका दिन गहुँ र चामल ओखल, जातो वा ढिकीमा कुटान–पिसान गरी त्यसबाट निस्केको पीठोबाट विभिन्न गुलियो खाद्य सामग्री बनाइन्छ । छठ पूजाका सामग्री तयार पार्दा विशेष चनाखो हुनुपर्छ । पूजाका सामग्री चोखो र शुद्ध हुनुपर्दछ, जुठो हुन गएमा अनिष्ट हुने जनविश्वास छ । षष्ठी व्रतमा मानिसहरु उदाउँदै गरेको सूर्यको पनि पूजा गर्छन् भने अस्ताउँदै गरेको सूर्यको पूजा पनि उत्तिकै श्रद्धाका साथ गरिन्छ ।

**चौथो दिन–‘पार्वण’:** पर्वको चौथो दिनलाई पारन (पार्वण) भनिन्छ । यस दिन बिहान सबेरै व्रतालुहरू पुनः जलाशयमा पुगी अघिल्लो दिन गरेको क्रम दोहोऱ्याई प्रातःकालीन सूर्यलाई अर्घ दिई पर्वको समापन गर्दछन् । अर्घ सम्पन्न भएपछि सूर्य पुराण श्रवण गर्ने चलन छ । व्रतीले छठ व्रतको कथा सुन्छन्, सुनाउँछन् । यस पर्वमा यथासम्भव टुप्पोमा पात भएको चारवटा उखुलाई गाडेर त्यसभित्र पूजा गर्ने चलन पनि छ । प्रातःकालीन अर्घमा दीप मालाले सजिएका जलाशयमा अपूर्वको अनुभूति पनि प्राप्त हुन्छ ।

# छठ पर्व विधिपूर्वक शुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
तराई मधेशमा मनाइने चारदिने छठ उत्सव मंगलबारदेखि धार्मिक विधिपूर्वक शुरु भएको छ । चार दिनसम्म विभिन्न विधि गर्दै मनाइने छठ पर्व मंगलबारदेखि मधेश प्रदेशको पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरीमा धुमधामका साथ शुरु भएको हो ।

छठ पर्व पर्साका १४ वटै पालिका सदरमुकाम वीरगंज, पोखरियाका सम्पूर्ण सहरी एवम् ग्रामीण क्षेत्रमा रहेको विभिन्न पोखरी, तलाउ तथा ती पालिका भएर बग्ने जिल्लाको प्रसिद्ध नदी बिग्ही, रातो मरहा, जङ्हा, अङ्कुसी नदी तथा नहरको किनारमा धार्मिक विधिपूर्वक मनाइँदै आइएको छ । सत्य अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्नु यस पर्वको विशेषता रहेको छ ।

सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यही एक यस्तो पर्व हो, जसमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ । पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकाङ्क्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने छठ पर्वका अवसरमा पोखरी, नदी, तलाउ र जलासयमा श्रद्धालु भक्तजनको भीड लाग्ने गर्दछ ।

चार दिनसम्म मनाइने यसपर्वको पहिलो दिन मंगलबार व्रतीहरुले नहाए खाए अर्थात् नुहाएर खाने गर्दछ । पहिलो दिन व्रतालुले जीउ चोख्याउने काम गर्दछन् । त्यस्तै पर्वको दोस्रो दिन बुधबार खर्ना मनाइनेछ । खर्नाका दिन व्रतीले दिनभरि उपवास निराहार बसेर राति छठ देवतालाई आगमनको निम्तो दिँदै कूल देवताको पूजा गर्नेछन् र राति अरवा अरबाईन (विनानुन हालेको) खानेकुरा खाने चलन छ ।

त्यस्तै षष्ठीका दिन अर्थात् बिहीबार साँझ गहुँ र चामल ओखल, जातो वा ढिकीमा कुटान पिसान गरी सोबाट निस्केको पीठोबाट बनाइएका विभिन्न गुलियो खाद्यसामग्री ठकुवा, भुसवा, खजुरीया, पेरुकियाजस्ता पकवान र विभिन्न फलपूm ल तथा मुला, गाजर, बेसारको गाँहो, भोगटे, ज्यामिरी, नरिवल, सुन्तला, केरा नाङ्लो, कोनिया, सरवा, ढाकन, माटोको हात्ती, ठूलो ढाक्कीमा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्ति एवम् लोकगीत गाउँदै निर्धारित जलाशय नजिक बनाएको छठ घाटसम्म पुग्नेछन् ।

षष्ठीका दिन व्रतीहरुले सन्ध्याकालीन अघ्र्यका लागि पानीमा पसेर सूर्य अस्ताउञ्जेलसम्म अस्ताउँदो सूर्यलाई आराधना गर्दै दुवै हत्केलामा पिठार र सिन्दुर लगाएर अक्षेता फूल हालेर अन्य अघ्र्य सामग्री पालोपालो गरी अस्ताचलगामी सूर्यलाई अघ्र्य अर्पण गर्नेछन् ।

त्यसको भोलिपल्ट अर्थात् शुक्रबार एकाबिहानै पुनःछठ घाटमा पुगी जलाशयमा पसेर अघिल्लो दिन गरेको क्रम दोहो¥याइ प्रातकालीन उदाउँदो सूर्यलाई अघ्र्य दिइ छठ पर्व सम्पन्न गर्नेछन् ।

महाभारतका अनुसार द्रोपदीसहित पाण्डव अज्ञातवासमा रहँदा उक्त गुप्ताबास सफल होस् भनी सूर्यदेवलाई आराधना गरेका थिए । उक्त समयमा पाण्डव मिथिलाको किरात राजाका क्षेत्रमा बास बसेको उल्लेख छ । लोक कथनबमोजिम सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको हो ।

सूर्य पुराणअनुसार सर्वप्रथम पत्नी अनुसुईयाले छठ व्रत गरेकी थिइन् । फलस्वरुप उनले अटल सौभाग्य र परिप्रेम प्राप्त गरिन् र त्यही बेलादेखि छठ गर्ने परम्पराको सुरुआत भएको तथ्य उल्लेख छ । धार्मिक आस्थाका साथसाथै सामाजिक सद्भावका रुपमा विकसित छठ पर्व हिन्दूको सँगसँगै केही मुस्लिमहरुले पनि मनाउने गर्छन् । यस पर्वमा चढाइने पदार्थको संख्या ७० पु¥याउनुपर्छ तर चढाउने सामथ्र्य नभएकाहरु गम्हरी धानको चामल मात्र चढाए पनि देउता प्रशन्न हुने जनविश्वास रहेको छ ।

पहिलापहिला तराई मधेशको जिल्लामा मात्रै मनाइने छठ पर्व अहिले देशको सङ्घीय राजधानी काठमाडौँसहित देशको प्रमुख सहर पोखरा, नारायणघाट, धरान, इटहरीलगायत स्थानमा पनि धुमधामका साथ मनाउन थालिएको हो ।

# छठघाटको सुरक्षामा कुनै त्रुटी हुन नदिने सुरक्षा निकायको प्रतिबद्धता



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाका सुरक्षा निकायका प्रमुखहरुले वीरगंजको छठघाटमा ब्रतालु र भक्तजनहरुको सुरक्षामा कुनै त्रुटी हुन नदिने प्रतिबद्धता जनाएका छन् । छठ पूजाका लागि देशभरमै प्रसिद्धी कमाएको वीरगंजको घडीअर्वा पोखरी छठघाटमा छठ पूजा र दर्शनका लागि १ लाख ५० हजार बढी भक्तजनहरु पुग्ने गरेका छन् । मंगलबार घडिअर्वा छठ पूजा व्यवस्थापन समितिले सुरक्षा निकायका प्रमुखहरुसँग आयोजना गरेको बैठकमा जिल्लाका सुरक्षा निकायका प्रमुखहरुले छठघाटमा सुरक्षाका सवालमा कुनै त्रुटी हुन नदिने प्रतिबद्धता जनाएका हुन् । बैठकमा सहभागी पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले जिल्ला सुरक्षा समितिको बैठक बसेर छठघाटको सुरक्षाको रणनीति तय गर्ने र त्यसैअनुसार सुरक्षाकर्मी परिचालन गर्ने बताए । घडिअर्वा छठघाटमा लाखौं भक्तजनहरुको आगमन हुने भएकाले भीड व्यवस्थापन, सम्भावित दुर्घटनाको जोखीम टार्न लगायतका सुरक्षाको चुनौती रहने भएकाले यसप्रति प्रहरी प्रशासन गम्भीर रहेको उनले बताए । छठघाटमा सुरक्षामा कुनै कसर बाँकी नराख्नेपनि उनले दोहो¥याए ।

बैठकमा पर्साका प्रहरी उपरीक्षक कुमोध ढुंगेलले आयोजक समितिका स्वंयसेवकसँग मिलेर नेपाल प्रहरीले छठघाटको सुरक्षामा काम गर्ने बताए । छठघाटमा नेपाल प्रहरीका तर्फबाट आवश्यक सुरक्षाकर्मी परिचालन गरिने उनले बताए । बैठकमा घडिअर्वा छठपूजा व्यवस्थापन समितिको सुरक्षा उपसमितिका संयोजक मनोहर साहले छठघाट परिसर भित्र र बाहिर गरी २० वटा सिसिटिभी क्यामेरा जडान गरिएको बताए ।

यसका साथै घडिअर्वा स्पोट्र्स क्लबका ४० जना स्वंयसेवक पनि परिचालन गरिने उनले जानकारी गराए । घडीअर्वा छठघाटमा पूजा र दर्शनका लागि आउनेहरुको सुरक्षा प्रबन्धलाई विगतको भन्दा अझ प्रभावकारी बनाउने प्रयास आँफुहरुले गरिरहेको उनले बताए । बैठकमा घडिअर्वा स्पोट्र्स क्लबका सचिव सन्तोष गुप्ताले सम्भावित दुर्घटनालाइ मध्यनजर गरि छठघाट परिसर बाहिर एम्बुलेन्स, बारुण यन्त्र र प्राथमिक उपचार शिविर राखिने बताए । सुरक्षा उपसमितिका संयोजक मनोहर साहको अध्यक्षतामा भएको बैठकमा वीरगन्जस्थित नेपाली सेनाको श्रीजंग गणका गणपति कर्णेल निराजन कटुवाल, राष्ट्रिय अनुसन्धानका अनुसन्धान अधिकृत ललितनारायण चौधरी, वीरगंज महानगरपालिका वडा नम्बर १० का वडाध्यक्ष सुशील साह कानु, पूर्व वडाध्यक्ष रामनगीना साह कानु, जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी निरीक्षक लोकराज भट्ट, वडा प्रहरी कार्यालय वीर्ताका प्रहरी निरीक्षक निरोज चौलागाई, घडीअर्वा छठपूजा व्यवस्थापन समितिका अध्यक्ष दिलिप साह कानु, लगायतको पनि सहभागिता रहेको थियो ।

# बाँसको सामग्रीको व्यापार संकटमा



**मधेशदृष्टि**
**वीरगंज ।**
तराईबासीको महान पर्व छठको लागि चाहिने बाँसको दौरा, सुपुली तथा नाङ्गलोको व्यापार संकटमा पर्दै गएको छ । छठ पर्वमा अघ्र्य दिनका लागि प्रयोग हुने बाँसको दौरा, सुपुली, नाङ्गलोको विकल्पमा पितल र तामाको आकर्षक दौरा, सुपुली तथा नाङ्गलोको विक्री बढि हुन थालेपछि बाँसको परम्परागत दौराको व्यापार संकटमा गर्न थालेको हो । तराईमा मनाइने महान पर्व छठ पुजाको लागि नभई नहुने सामान हो, बाँसको दौरा, सुपुली तथा नाङ्गलो । छठ पर्वमा अघ्र्य दिनको लागि तथा छठ घाटसम्म पुजाको सामाग्री लैजान परम्पारगत रुपमा बाँसको दौरो, सुपुली तथा नाङ्गलोको प्रयोग गर्रिदै आएको छ । तर बाँसको सामानको सट्टा तामा, पित्तलको आकर्षक दौरा, सुपुली तथा नाङ्गलो बजारमा विक्री हुन थालेपछि परम्परागत बाँसका सामाग्रीको व्यापार संकटमा पर्न थालेको छ । छठ पर्वलाई लक्षित गरेर वीरगंज बजारमा अहिले छ्याप्छ्याप्ती रुपमा बाँसको दौरा, सुपुली र नाङ्गलो विक्रीका लागि राखिएको छ, तर विक्री भने न्यून रहेको व्यापारीहरुको भनाई छ । एउटा दौरा ३ देखि ५ सय रुपैयासम्ममा विक्री भइरहेको छ भने सुपुली ५० देखि १ सय ५० रुपैयासम्म विक्री वितरण भइरहेको छ । यसैगरि नाङ्गलो २ देखि ५ सय रुपैयासम्म विक्री वितरण भइरहेको छ । तर, सर्वसाधारणहरुको ध्यान बाँसको परम्परागत दौरा सुपुली नाङ्गलो नभई पित्तल तथा तामाको दौरा, सुपुली तथा नाङ्गलोतर्फ आकर्षण बढेकोले परम्परागत बाँसको दौरा सुपुलीको व्यापारमा कमि आएको व्यापारीहरुको भनाई छ ।

# विभिन्न स्थानका छठघाटहरुको अनुगमन



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजका विभिन्न स्थानमा रहेका छठघाटहरुको अनुगमन गरिएको छ । वीरगंज महानगरपालिका वडा नम्बर १० आदर्शनगर, १२ मुर्ली र १४ पिपरा बहुअरीका छठघाटहरूमा छठ पर्वको तयारीलाई लिएर वीरगंज महानगरपालिका र पर्सा प्रशासनले विशेष चासो देखाएको छ । छठ पर्वको महत्त्वलाई ध्यानमा राख्दै नगर प्रमुख राजेशमान सिंहको नेतृत्वमा विभिन्न सुरक्षा निकायका प्रमुखहरूले ती स्थानहरूको अनुगमन गरेका छन् । अनुगमन टोलीमा वीरगंज महानगरपालिका प्रमुख राजेशमान सिंहसहित जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक कुमोद ढुङ्गेल, सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाल, नेपाली सेनाका प्रमुख लगायत सहभागी थिए । टोलीले छठघाटहरूमा हुनसक्ने सम्भावित सुरक्षा चुनौतीहरू र तयारीको अवस्थाको बारेमा अनुगमन गरेको अनुगमनमा सहभागि वीरगंज महानगरपालिकाको सरसफाई शाखा प्रमुख सर्फुदिन मियाँले जानकारी दिए । अनुगमनको क्रममा प्रमुख सिंहले छठ पर्वको सफल र सुरक्षित आयोजनाका लागि सफाइ, सुरक्षा र स्वास्थ्य सम्बन्धी उपायहरूमा विशेष ध्यान दिन निर्देशन दिए । छठघाटमा सफाइ, घाटको मर्मत, आवश्यक रसायन परीक्षण र जलस्तरको व्यवस्थापनको अवस्था हेर्नुका साथै प्रमुख सिंहले स्थानीयलाई उचित स्वास्थ्य मापदण्ड अपनाउन आग्रह गरे । उनले विशेष गरी छठ पर्वमा भेला हुने ठूलो संख्यामा श्रद्धालुहरूको भीडलाई व्यवस्थित गर्न सवारी पार्किङ, प्राथमिक उपचार र आपतकालीन सेवाका लागि तयार रहन निर्देशित गरेका छन् । जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक कुमोद ढुङ्गेलले छठघाटमा पर्याप्त सुरक्षा व्यवस्थापनको योजना प्रस्तुत गर्दै पर्वका दिनहरूमा अतिरिक्त सुरक्षाकर्मी परिचालन गरिने बताए । उनकाअनुसार श्रद्धालुहरूको भीडलाई सुरक्षित बनाउने उद्देश्यले सुरक्षाका उपायहरूलाई कडा पार्न विशेष निगरानीको योजना बनाइएको छ । साथै, गण हेडक्वाटर प्रमुख सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमालले सशस्त्र प्रहरी बलको सहयोगमा आपतकालीन व्यवस्थापन र दुर्घटना रोकथामका लागि विशेष सतर्कता अपनाइने जानकारी गराए । पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले छठ पर्वका लागि आवश्यक तयारीलाई पूरा गर्न सबै निकायलाई समन्वयात्मक रुपमा काम गर्न निर्देशन दिए ।

उनले छठघाटको स्वच्छता, प्रदूषण नियन्त्रण, र पानीको गुणवत्ता सुनिश्चित गर्न सरकारका तर्फबाट पर्याप्त सहयोग गरिने बताउँदै महानगरको सक्रियता आवश्यक रहेको उल्लेख गरे । छठघाटको अनुगमनसँगै स्थानीय जनप्रतिनिधिहरू र नागरिकहरूको सहयोग पनि बढ्दै गएको छ । अनुगमनमा वीरगंज महानगरपालिका वडा नम्बर १२ का वडाअध्यक्ष सुरेश गुप्ता लगायत जनप्रतिनीधि एवम् स्थानीयको उपस्थिती रहेको थियो ।

# दलतन्त्रले देशलाई बर्वाद गर्योः प्रभु साह

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धनलाई 'हाथी र सुंगुरको दोस्ती' जस्तै भएको टिप्पणी गरेका छन् । दिपावली तथा छठ पर्वको अवसरमा आजपा धनुषा जिल्लाको आयोजनामा मंगलबार जनकपुरधामको पगलाबाबा धर्मशालामा आयोजित शुभकामना एवम् भेटघाट कार्यक्रममा सहभागि आजपा अध्यक्ष साहले दलतन्त्र कमजोर भएपछि ठुला दुई दल कांग्रेस र एमालेले गठबन्धन गरेको बताए ।

'पछिल्लो निर्वाचनमा एमाले नेतृत्वमा एउटा गठबन्धन थियो । अर्कोतर्फ कांग्रेसको नेतृत्वमा अर्को गठबन्धन थियो । एमालेले मतदातासँग मलाई मत दिनु एमालेको सरकार बनाउँछौं भन्यो, र कांग्रेसले हामीलाई मत दिनुस् हामी कांग्रेसको सरकार बनाउँछौं भन्यो । तर एमाले कांग्रेसको र कांग्रेसले एमालेको सरकार बनाउँछौ भनेका थिएनन्,' आजपा अध्यक्ष साहले भने, 'तर दुबै



दलले मतदातासंग गद्धारी गरे, धोका दिए । अनैतिक गठबन्धन गरेपछि के यिनीहरुले मतदातासँग माफी माग्नु पर्दैन्, भोट फिर्ता गर्नुपर्दैन ? एउटा दलालले जग्गा किनबेचको बैना लिन्छ तर किनबेच नभएपछि बैना फिर्ता गर्छ । यिनीहरु मतदाताको भोट फिर्ता नगर्ने कस्तो दलला भएछन् ।'

कांग्रेस र एमालेको निर्वाचनमा छुटाछुटै गठबन्धन रहेको र यिनीहरुको कुनै बिचार, सिद्धान्त, रुपरंग केही पनि नमिल्ने 'हाथी र सुंगुरको दोस्ती' जस्तै भएको उनले बताए । दलतन्त्र नेपालमा बर्बाद हुदै गईरहेको बताउदै कांग्रेस र एमालेको अनैतिक गठबन्धनले दलतन्त्र नै कमजोर भएको साहले बताए ।

'दलतन्त्र नांगिदै गईरहेको हामी देखिरहेका छौं । दलतन्त्र कमजोर बन्दै गईरहेको छ । मतदाता, जनतालाई धोका दिने कांग्रेस र एमालेको अनैतिक गठबन्धनले दलतन्त्र कमजोर भएको छ,' आजपा अध्यक्ष साहले भने, 'दलतन्त्र कमजोर भयो, लोकतन्त्र कमजोर भयो । जनताका बीच कमजोर भएकाहरु मिल्नुपर्ने बाध्यता आयो । यिनीहरुले जनताको आवश्यक्ता, चाहना बुझन नसकेर कमजोर भएका छन् ।'

कांग्रेस र एमालेको गठबन्धन केही नेताको सिमित स्वार्थका लागि भएको बताउँदै उनले यो गठबन्धनबाट कांग्रेस र एमालेकै नेताकार्यकर्ताहरु सन्तुष्ट नदेखिएको उनले बताए । जनतालाई दिनुपर्ने सेवा, सुविधा दिन नसकेको यो सरकार धेरै दिन नटिक्ने दावी उनले गरेका छन् ।

केवल भ्रष्टलाई बचाउन, अपराधीलाई जोगाउनका लागि बनेको यो सरकारले विपक्षीलाई तर्साउने सत्तापक्षका अपराधी, भ्रष्टलाई बचाउने काम गरिरहेको साहले गम्भिर आरोप लगाए । सत्तापक्षका अपराधी, भ्रष्टहरु खुलेयाम छाती खोलेर घुम्दा समेत कारवाही गर्न नसकेको वर्तमान सरकारको जग नै कमजोर रहेको उनले बताए । आजपाका धनुषा जिल्ला अध्यक्ष रामसागर महासेठको अध्यक्षतामा भएको कार्यक्रममा आजपाका महासचिव त्रिभुवन साह, सचिव श्रीचन मुखिया, स्थाई कमिटी सदस्य श्रीलाल महासेठ, राधेश्याम साह लगायतका नेताहरुको बिशेष सहभागिता रहेको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन